# पृष्ठभूमि

बागमती प्रदेशका युवाको चाहना र आवश्यकतालाई सम्बोधन गर्न बागमती प्रदेश सभाले प्रदेश युवा परिषद् ऐन २०७६ बनाएको थियो। २०७७ सालमा प्रदेश युवा परिषद् नियमावली पनि आई कार्यान्वयन भईरहेको छ। बागमती प्रदेश युवा परिषद् ऐन २०७६ र प्रदेश युवा परिषद् नियमावली २०७७ मा भएको व्यवस्था अनुसार बागमती युवा परिषद्को कार्यालय २०७८ सालमा स्थापना भएको हो। वि.स. २०७८ असार १ गते प्रदेश युवा परिषद्को गठन भई २०७८ असार १३ गतेबाट कार्यालय प्रमुख समेतको व्यवस्था भई २०७८ श्रावण २८ गतेका दिनदेखी विधिगत रुपमा कार्यालय स्थापना भई बागमती प्रदेशका युवाहरुको समग्र विकासका लागि क्रियाशिल रहदै आएको छ। नेपालका सात प्रदेशहरुमध्ये तिनवटा प्रदेशमा मात्र प्रदेश युवा परिषद् गठन भएका छन्। तिन प्रदेशहरुमा प्रदेश युवा परिषद् गठन भएकोमा बागमती प्रदेशमा मात्र प्रदेश युवा परिषद्को गठन ऐनका आधारमा भएको हो। अरु दुई प्रदेशमा गठन भएका युवा परिषद्हरु गठन आदेशका आधारमा भएको हो।

बागमती प्रदेश युवा परिषद्को गठन भएसँगै युवाहरुका लागि सुचनामा पहुँच, क्षमता विकास, सिप विकास, संजालीकरण लगायतका काममा क्रियाशिल रहदै आएको छ। बागमती प्रदेश युवा परिषद्को गठनसँगै बागमती प्रदेशका १३ वटै जिल्लामा जिल्ला युवा समितीहरु मार्फत परिषद्ले आफ्ना क्रियाकलापहरु कार्यान्वयन गरिरहेको छ। यस प्रदेशमा रसुवा, नुवाकोट, धादिङ, चितवन, मकवानपुर, सिन्धुली, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, भक्तपुर, ललितपुर र काठमाडौं गरी १३ ओटा जिल्ला छन् भने तीन महानगरपलिका, एक उपमहानगरपालिका, ४१ नगरपालिका र ७४ गाउँपालिका गरी कुल ११९ स्थानीय तह रहेका छन्। बागमती प्रदेश युवा परिषद्ले यस प्रदेशभित्रका सबै स्थानीय तहहरुसँग समन्वय र साझेदारीमा युवामैत्री स्थानीय तह निर्माणका लागि क्रियाशिल रहेको छ।

युवालाई सक्षम, जिम्मेवार, ज्ञान र सीपयुक्त वनाई मुलुकको विकासको नेतृत्वमा युवाहरुलाई स्थापित गर्न उत्प्रेरित गर्ने उद्देश्यका साथ यो ऐतिहासिक प्रदेश युवा सम्मेलन २०८१ आयोजना गरिएको छ। गत वर्ष २०८० असार ११ र १२ गते आयोजना गरिएको पहिलो युवा सम्मेलन ११ बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको थियो। गत वर्षको युवा सम्मेलनले जारी गरेको घोषणापत्रका अधिकांश निचोड तथा सुझावहरु बागमती प्रदेश युवा परिषद्, सामाजिक विकास मन्त्रालय र बागमती प्रदेश सरकारको तर्फबाट कार्यान्वयन समेत भईसकेको छ। सिर्जनशीलता र उद्यमशीलता प्रवर्द्धन, बागमतीमा युवा सशक्तिकरण मुल मन्त्रका साथ यो दोस्रो प्रदेश युवा सम्मेलन २०८१ बैशाख २८ गते देखी ३० गते सम्म ३ दिनसम्म भब्यताका साथ सम्पन्न गरीएको थियो।

विश्वमा बढ्दै गईरहेको सामाजिक तथा मानविय जटिलता, पर्यावरणीय असन्तुलन र सामाजिक, आर्थिक तथा वातावरणीय पक्षलाई ध्यानमा राखी सन् २०३० सम्म मा पुरा गर्नका लागि दिगो विकासका लक्ष्यहरु अन्तरगत १७ लक्ष्यहरु तय गरिएका छन्। आर्थिक, सामाजिक, वातावरणीय पक्षको सहनयोग्य, संभाव्य र दिगो विकासका लागि दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण र कार्यान्वयन गर्नुपर्ने दायित्व हामीसँग छ। दिगो विकासका लक्ष्यहरुमा हालसम्म भएका प्रगतिहरुको समिक्षा गर्न यो वर्ष नेपालले दिगो विकासका लक्ष्यहरुको तेस्रो भोलिन्टरी नेशनल रिभ्यु गरिरहेको छ। बागमती प्रदेश युवा परिषद् दिगो विकासका लक्ष्यहरुको कार्यान्वयनमा समेत प्रभावकारी रुपमा योगदान गरिरहेको छ।

नेपालको संविधानको धारा ३३ मा प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ भनी सुनिश्चित गरेको छ। प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ। संविधानमा उल्लेखित मौलिक हक तथा अधिकारहरुको कार्यान्वयन गर्ने महत्वपूर्ण दायित्व हामी सबैको हो। बागमती प्रदेश युवा परिषद्ले सबल, सक्षम र सशक्त अनि सीपयुक्त युवाहरु तयार गर्ने अभियानको शुरुवात गरेको छ। बागमती प्रदेश युवा परिषद्ले यो आर्थिक बर्षमा परिषद्ले ६ हजार युवाहरुलाई दुई दर्जन विधामा सीप विकास तालिम दिईरहेको छ। सिप विकास तालिम प्राप्त गर्ने सबै युवाहरुको सिटिईभिटीबाट सीप परिक्षण गरिनेछ। पन्ध्रौ योजनामा स्वस्थ, सकारात्मक, सोचयुक्त, उद्यमशील, सिर्जनशील, अधिकारप्रति सचेत र कर्तव्यप्रति प्रतिबद्ध युवा शक्तिको विकास र परिचालन गर्ने लक्ष्य राखेको थियो। सोह्रौ योजनाको अवधारणापत्रमा स्वास्थ्य, शिक्षा, रोजगारी, आवास तथा अन्य क्षेत्रमा सामाजिक न्याय स्थापित गर्ने तथा मानवीय जीवन र राष्टिय अर्थतन्त्रमा समृद्धि हासिल गर्ने उद्देश्य रहेको छ। बागमती प्रदेश युवा परिषद् यस बागमती प्रदेशका सबै क्षेत्रमा सक्षम, सबल र सुशुचित युवाहरु तयार गर्ने अभियानमा छ। आवधिक योजनाका सोच, लक्ष्य र उद्देश्य कार्यान्वयनमा बागमती प्रदेश युवा परिषद्ले समेत महत्वपूर्ण भुमिका खेलीरहेको छ।

बागमती प्रदेश युवा परिषद्ले वि.स. २०८१ लाई युवा सिप वर्ष २०८१ का रुपमा घोषणा गरेको छ। हामी सबै युवाहरुमा

उनीहरुको रुची, संभावना र बजारसमेतको आधारमा सीप विकास गर्न चाहन्छौ । सबै युवा सीपयुक्त हुनै पर्दछ भन्ने हाम्रो योजना रहेको छ। युवामा लगानी बिना देशको समृद्धि हुनै सक्दैन । जनसांख्यिक लाभका रुपमा वर्तमान अवस्थामा युवाको जनसंख्या तुलनात्मक रुपमा रहेकोमा यही समयको सदुपयोग भएको छ । युवा सिंगो समाज र देशको राजनैतिक, आर्थिक र सामाजिक परिवर्तनको संवाहक हो । युवा जनसंख्या सर्वाधिक सक्रिय, उर्जावान र गतिशिल समूह हो । युवा नै राष्ट्रिय विकासका प्रमुख मानव स्रोत र साधन भएकोले युवामा लगानी बिना देशको विकास असंभव छ। बागमती प्रदेश युवा परिषद् युवामा लगानी र युवाको नेतृत्वदायी भुमिकाको विकासका लागि क्रियाशिल रहेको छ।

युवा वर्तमानका साझेदार हुन्। युवासँगको आजको साझेदारीले सयौ वर्षका लागि हाम्रो परिवार, समाज र राष्टको लागि दिशा निर्देशन गर्दछ। युवामा लगानीले नै देशको समग्र विकास संभव छ। नेपालले युवा जनसांख्यिक लाभांशबाट फाइदा लिई देशको समृद्धि र विकासको सुनौलो युगमा प्रवेश गर्नैपर्दछ। यो एउटा महत्वपुर्ण अवसर हामीले गुमाउनु हुदैन। बागमती प्रदेश युवा परिषद् पुरा प्रतिवद्धता र जिम्मेवारीका साथ क्रियाशिल छ।

*प्रदेश युवा परिषद् बागमतीले दोस्रो बागमती प्रदेश युवा सम्मेलन २०८१ वैशाख २८ देखि ३० सम्म बागमती प्रदेशको राजधानी हेटौँडामा आयोजना गरेको छ । सम्मेलनमा प्रदेशका ९१ स्थानीय तहबाट २०० भन्दा बढी युवाहरुको सहभागिता रह्यो । सम्मेलनमा पाँचओटा प्यानल छलफल, सफलताका कथा, सरकारसँग युवा जस्ता कार्यक्रमहरु आयोजना गरियो । सम्मेलनको मूल नारा सृजनशीलता र उद्यमशीलता प्रबर्द्धन : बागमतीमा युवा सशक्तिकरण भन्ने रहेको थियो ।*

## उद्घाटन सत्र




सम्मेलनको उद्घाटन वैशाख २८ गते प्रमुख अतिथि बागमती प्रदेशका मुख्यमन्त्री मा. शालिकराम जमकट्टेलले गर्नुभयो। उद्घाटन सत्रमा बागमती प्रदेशका प्रथम मुख्यमन्त्री श्री डोरमणी पौडेल विशिष्ट अतिथिका हुनहुन्थ्यो भने प्रदेश सरकारका मन्त्रीहरु, मकवानपुर जिल्ला समन्वय समितिका अध्यक्ष ललित घलान, राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष सुरेन्द्र बस्नेत, विभिन्न राजनीतिक दलका नेताहरु लगायत महत्वपूर्ण व्यक्तित्वहरुलाई अतिथिका रुपमा आमन्त्रण गरिएको थियो।




त्यसैगरी बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलले नकारात्मक सोच र धारणाले हामी कसैलाई पनि अगाडि नबढाउने बताउँदै युवाहरुलाई सकारात्मक सोचका आधारमा छलफल र बहस अघि बढाउन सुझाव दिनुभयो। उहाँले बागमती प्रदेशले युवाहरुका लागि धेरै काम गरेको उल्लेख गर्दै युवासम्बन्धी




कानुन बनाउँदै प्रदेश युवा परिषद् गठन गरेको एक मात्र प्रदेश भएको बताउनुभयो । पछिल्लो समय नेपालमा केही पनि गर्न सकिँदैन त्यसैले विदेश जानुपर्ने बाध्यता छ भन्ने नकारात्मक सोच युवाहरुमा विकास भइरहेको उल्लेख गर्दै सबै अवस्थामा यो सत्य नभएको बताउनुभयो । आर्थिक अवस्था राम्रो भएका र नेपालमा नै उच्च पदमा पुगिसकेका व्यक्तिहरु पनि विदेश पलायन भइरहेकाले नेपालमा अवसर नै नभएर मात्रै मानिसहरु विदेश गइरहेको होइन भन्ने स्पष्ट भएको विचार व्यक्त गर्नुभयो । त्यसैले हामी नेपालमै केही गर्न सक्छौं भन्ने अठोट लिएर काम गर्नुपर्ने उहाँले बताउनुभयो । सिर्जनशिलता र उद्यमशिलताको माध्यमबाट युवालाई सशक्तीकरण गर्नका लागि सरकारले पर्याप्त काम गरिरहेको बताउँदै मुख्य रुपमा शिक्षाको नाममा विदेशिने प्रकृयालाई रोक्नुपर्ने विचार व्यक्त गर्नुभयो । यसका लागि परिणाममुखी छलफल गर्न डी.एम सरले सम्मेलनलाई आग्रह गर्नुभयो ।

सम्मेलनको उद्घाटन मन्तव्यमा प्रमुख अतिथि बागमती प्रदेशका मुख्यमन्त्री मा. शालिकराम जमकट्टेलले सम्मेलनलाई आफ्नो नारा र उद्देश्य अनुरुप सम्मेलनको सफलताको शुभकामना व्यक्त गर्दै यस सम्मेलनबाट युवाले विगतलाई कसरी हेर्ने, वर्तमानलाई कसरी लिने र भविष्यलाई कस्तो बनाउने भन्ने बारेमा गहन छलफल गर्नुपर्ने विचार व्यक्त गर्नुभयो । उहाँले सम्मेलनले समस्याहरुका मात्र कुरा नभएर तिनका समाधानका उपायहरुको पनि निर्क्यौल गर्ने विश्वास व्यक्त गर्नुभयो । मुख्य रुपमा युवाहरुले हाम्रो देश र प्रदेशको शिक्षा व्यवस्था कस्तो हुनुपर्छ र उद्यमशीलता प्रवर्द्धन कसरी गर्ने भन्ने बारेमा छलफल गर्न आग्रह गर्नुभयो । शिक्षा व्यवहारिक हुनपर्ने र शिक्षाले ज्ञान र सिप दुवै दिनुपर्ने हुनाले शिक्षा नीति कस्तो हुनुपर्ने भन्ने विषयमा युवाहरुले छलफल गरी निष्कर्ष निकाल्न आग्रह गर्नुभयो । त्यसैगरी नेपालको विकासको मुख्य आधार अझै पनि कृषि नै भएकाले उद्यमशीलताको क्षेत्रमा पनि कृषिलाई कसरी युवासँग जोड्न सकिन्छ भन्ने विषयमा छलफल गरी प्रदेश सरकारलाई सुझाव दिन पनि आग्रह गर्नुभयो । प्रदेश सरकारले यस वर्षलाइ युवा सीप वर्षका रुपमा घोषण गर्न लागेको जानकारी गराउँदै उहाँले यो पहलका लागि प्रदेश युवा परिषद्लाई धन्यवाद ज्ञापन गर्नुभयो ।

**बागमती प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय कुमारी मोक्तानले**

प्रदेश सरकारले निर्माण गरेको युवा नीतिमा टेकेर युवाहरुको विकासको लागि काम गरिरहेको बताउनुभयो । उहाँले उद्यमशिलता, सीप दक्षता, बेरोजगारीबाट मुक्तीबारे छलफल गर्ने मुख्य उद्देश्यका साथ यो सम्मेलन आयोजना गरिएको बताउनुभयो । गत वर्ष भएको पहिलो सम्मेलनले पारित गरेको घोषणापत्रका ११ बुँदामध्ये प्रदेश सरकारले ७ वटा कार्यान्वयनमा ल्याइसकेको पनि जानकारी दिनुभयो । बागमती प्रदेशले मात्र युवा परिषद गठन गरी दुईओटा सम्मेलन गरिसकेको बताउँदै यस दोस्रो सम्मेलनबाट छलफल गरेर ल्याएको निष्कर्षलाई सरकारले नीति तथा कार्यक्रम बनाएर







अगाडि बढ्ने मार्गप्रसस्त गर्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले प्रदेश सरकारले हाल प्रदेशका ६००० युवालाइ परिषद् मार्फत सीपमूलक तालिम प्रदान गरिरहेको पनि जानकारी दिनुभयो। उहाँले सहभागीहरुलाई सम्मेलनमा आफूले प्रदेशका हजारौँ युवाको प्रतिनिधित्व गरिरहेको छु भन्ने जिम्मेवारीबोधका साथ छलफलमा सहभागी हुन र निष्कर्षमा पुग्न अनुरोध गर्नुभयो।


उद्घाटन सत्रमा प्रदेश सरकारका श्रम रोजगार तथा यातायात मन्त्री मा. लक्ष्मण लम्साल, खानेपानी, उर्जा मन्त्री मा. एकलाल श्रेष्ठ, पूर्व युवा तथा खेलकुद मन्त्री मा. रत्न ढकाल, राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष सुरेन्द्र बस्नेत, जिल्ला समन्वय समिति मकवानपुरका सभापति ललित घलान तथा नेपाली काङ्ग्रेस मकवानपुर जिल्ला सचिव भिसेन महतले सम्मेलन सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो। कार्यक्रममा प्रदेश युवा परिषद्, बागमतीका सदस्य समिर पाण्डेले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो।

सम्मेलनको उद्घाटन सत्रका अध्यक्ष तथा प्रदेश युवा परिषद्, बागमतीका कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईले प्रदेशका नीति तथा कानूनहरुलाई कसरी युवामैत्री बनाउन सकिन्छ भन्ने छलफल गरी प्रदेश सरकारलाई दिशा निर्देशन गर्नका लागि यो सम्मेलन आयोजना गरिएको उल्लेख गर्नुभयो। उहाँले पछिल्लो वर्ष सम्पन्न सम्मेलनको सिकाइका आधारमा यस वर्ष प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट आउनुअघि नै यो सम्मेलन आयोजना गरिएको बताउनुभयो। बागमती प्रदेशका ११९ वटै स्थानीय तहका युवाहरुबाट आवेदन आव्हान गरिएको र सम्मेलनमा ९१ स्थानीय तहका युवाहरु सहभागी रहेको बताउनुभयो। युवाहरु अधिकार खोज्ने कुरामा अगाडि रहनु खुसीको कुरा भएको र त्यससँगै आफ्नो कर्तव्यप्रति पनि सचेत हुनुपर्ने विचार व्यक्त गर्नुभयो। सबै नीतिको मूल नीति राजनीति भएकाले यस उद्घाटन सत्रमा राजनीतिक नेतृत्वलाई सहभागी गराइएको पनि बताउनुभयो। उहाँले सम्मेलनमा सहभागी सबैलाई धन्यवाद ज्ञापन गर्दै सम्मेलनको सफलताका लागि सबैले आआफ्नो भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभयो।


## जिल्लागत सहभागिता



## जातिगत सहभागिता




## लिंगको आधारमा सहभागिता



## पहिलो सत्रः

### डिजिटल साक्षरता : प्रविधि सम्भावना र फाइदा




सम्मेलनको पहिलो सत्रका रुपमा डिजिटल साक्षरता : प्रविधि सम्भावना र फाइदा विषयक प्यानल छलफल रहेको थियो । यस छलफलमा फिनटेकका संस्थापक तथा अनौपचारिक क्षेत्रको वित्तिय पहुँचको क्षेत्रमा कार्यरत सोनिका मानन्धर, स्टोरी साइकल तथा ग्रीन ग्रोथमा आवद्ध तथा इन्टरनेटका माध्यमबाट स्थानीय उत्पादनको प्रवर्द्धनका लागि काम गरिरहनु भएका सौरभ ढकाल र डाटा तथ्याङ्कको उपलब्धता तथा सुरक्षाका विषयमा काम गरिहनु भएका सजना महर्जन विज्ञका रुपमा सहभागी हुनुहुन्थ्यो भने सत्रको सहजिकरण टेकपानाका सिईओ विजय कुमार तिमिल्सिनाले गर्नुभएको थियो ।

छलफलमा नेपालमा आम नागरिक र नीतिनिर्माताहरुमा डिजिटल साक्षरताको बुझाईका बारेमा छलफल भएको थियो । विज्ञहरुले प्रविधिको प्रयोगलाई आम नागरिकसम्म पुऱ्याउन एप वा डिजिटल प्ल्याटफर्महरु सहज हुनुपर्ने विचार व्यक्त गर्नुभयो । त्यसैगरी सरकारी क्षेत्रमा डिजिटल साक्षरता वा तथ्याङ्कको कुरा गर्दा सबैकुरा सूचना प्रविधि अधिकारीसँग मात्र सम्बन्धित विषय भनेर बुझ्ने गरिएको तर्फ पनि विज्ञहरुले ध्यानाकर्षण गराउनुभयो ।

छलफलमा सूचना प्रविधिलाई कसरी उद्यमशीलतासँग जोड्न सकिन्छ र यसबाट युवाहरुले कसरी लाभ लिनसक्छन् भन्ने विषयमा छलफल भएको थियो । सूचना प्रविधिको विकाससँगै नयाँ नयाँ आइडियाहरु आइरहने तर तिनका बारेमा नीति बनाउन समय लाग्ने भएकाले अप्ठ्यारो परिरहेकोप्रति पनि विज्ञहरुले ध्यानाकर्षण गराउनु भयो । डिजिटल साक्षरताको कमीका कारण प्रयोगकर्ताहरु असुरक्षित भइरहेको र त्यसले कतिपय अवस्थामा आर्थिक नोक्सानीसमेत बेहोर्नु परेकाले आम नागरिकलाई डिजिटल सुरक्षाका विषयमा थप सचेत गराउन आवश्यक रहेको पनि विज्ञहरुले बताउनुभयो ।

### सत्रका मुख्य सुझावहरु :

- सूचना प्रविधिलाई उद्यमशीलतासँग जोडी नवप्रवर्तनात्मक व्यवसायहरुको प्रबर्द्धनका लागि युवाहरुको क्षमता अभिवृद्धि गर्ने
- तथ्याङ्क र सूचनाको सहज उपलब्धताका लागि ओपन डाटा पोलिसि अवलम्बन गर्ने
- करछुट भएका आम्दानीको स्रोत पहिचान गरी त्यसका आधारमा ऋण लिनसक्ने व्यवस्था गर्नका लागि त्यस्तो स्रोत पहिचान गर्न डिजिटल माध्यमको प्रयोग गर्ने
- अहिलेको समाज द्रुत गतिमा विकास भइरहेको र नयाँ नयाँ कुराहरु निरन्तर आइरहने भएकाले नीति निर्माणको प्रक्रियालाई छिटो छरितो बनाउने
- सन् २०१९ मा निर्माण भएको डिजिटल नेपाल फ्रेमवर्क लागु गर्नका लागि आवश्यक नीति तथा कानुन निर्माण गर्ने
- इन्टरनेट सुरक्षाका नाममा इन्टरनेटको प्रयोगमा अवरोध गर्न नसकिने भएकाले सुरक्षासम्बन्धी कानुन निर्माण र त्यसका बारेमा सचेतिकरण गर्ने
- टेक्नोलोजीको क्षेत्रमा महिलाको सहभागिता वृद्धि गर्ने

## दोस्रो सत्रः

### विदेशबाट प्राप्त ज्ञान र सिप, स्वदेशमा लगानी




सम्मेलनको दोस्रो सत्रमा विदेशबाट प्राप्त ज्ञान र सीप, स्वदेशमा लगानी शीर्षक प्यानल छलफल गरिएको थियो । छलफलमा वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेती तथा कृषी उद्यमी श्रीकृष्ण अधिकारी विज्ञका रुपमा सहभागी हुनुहुन्थ्यो भने सत्रको सहजीकरण पत्रकार टिकाराम यात्रीले गर्नुभएको थियो । यो सत्र मुख्य रुपमा युवाहरु स्वदेशमा बस्न नचाहनुका कारण, व्यापक विदेश पलायनलाई न्यूनीकरण गर्ने उपाय, विदेशमा आर्जित सीपलाई स्वदेशमा उपयोग गर्न आवश्यक नीति तथा वातावरणका बारेमा छलफल भएको थियो ।

छलफलमा प्यानलिस्ट श्रीकृष्ण अधिकारीले आफूले वैदेशिक रोजगारीका सिलसिलामा इजरायलमा आर्जन गरेका सीपलाई नेपालमा उपयोग गरी कृषी उद्यमी बन्न सफल भएको कुरा बताउँदै आफ्नो सीपलाई सही तरिकाले प्रयोग गर्नसके नेपालमा नै धेरै गर्न सकिने विचार व्यक्त गर्नुभयो । प्यानलिस्ट डा. द्वारिका उप्रेतीले हाल २३ लाख नेपाली वैदेशिक रोजगारीमा रहेको र यस आ.व.को चैत मसान्तभित्र ५ लाखभन्दा बढी वैदेशिक रोजगारीमा गएको तथ्याङ्क प्रस्तुत गर्नुभयो । नेपालमा रोजगारीको अभाव युवाहरु विदेशिनुको प्रमुख कारण भए पनि देशमा श्रमको सम्मान नहुनु र अरुको देखासिकि गरी विदेश जान खोज्नु पनि अन्य कारणहरु भएको विज्ञहरुको राय थियो ।

विज्ञहरुले विदेशबाट नेपाल फर्किएर आफ्नो सीप प्रयोग गरी उद्यम गर्नका लागि मुख्य रुपमा बिऊ पुँजीको अभावका साथै सरकारी कार्यालयहरुले नयाँ प्रविधिको बारेमा राम्ररी नबुझ्दा त्यस्ता प्रविधि भित्राउन असहज हुने उहाँहरुको धारणा थियो । मजदुरको अभावमा गाउँमा खेत बाँझै हुँदा युवाहरु भने विदेश जान बाध्य भइरहेकाले कहिँ न कहिँ केही असन्तुलन रहेको कुरा उल्लेख गर्दै उहाँहरुले विदेश पलायन रोक्नका लागि युवाहरुबीच श्रमको सम्मान गर्ने र स्वदेशमै केही गर्न सकिन्छ भन्ने भावना विकास गर्नुपर्ने उहाँहरुको सुझाव थियो ।

### सत्रका मुख्य सुझावहरू :

- विदेशबाट फर्किएका युवाहरुले प्राप्त गरेका सीपलाई स्वदेशमा नै उपयोग गर्न स्थानीय तहहरुले त्यस्ता युवाहरुको पहिचान गर्ने
- विदेशबाट फर्किएका युवाहरुलाई एकल वा सामूहिक रुपमा सिकेको सीपअनुसार व्यवसाय सुरु गर्न वित्तिय सहयोगको व्यवस्था गर्ने
- युवाहरुको विदेश पलायन रोक्न युवाहरुलाई सीपमूलक तालिम दिई व्यवसाय सुरु गर्न सहयोग गर्ने
- कृषिलाई उद्यमशीलतासँग जोड्दै स्थानीय कृषि उत्पादनको व्यवसायीकरण गर्ने र कृषिमा आधारित उद्योगहरुलाई प्राथमिकता दिने
- रैथाने जातिका बिउ बिजनलाई प्राथमिकता दिई बढी आम्दानी हुने उत्पादनलाई प्रवर्द्धन गर्ने

## तेस्रो सत्रः

### सफलताका कथा

सम्मेलनको पहिलो दिनको तेस्रो सत्रमा सौजन डि.सि., अमृत कुमार लामा र किरण अधिकारीले आफ्नो सफलताको

कथा सुनाउनु भएको थियो ।




११ बर्षसम्म लागुपदार्थ प्रयोगकर्ता रही हाल पुनर्स्थापना केन्द्र सञ्चालन गरिरहनु भएका हेटौंडा उप महानगरपालिकाका सौजन डि.सि. ले आफू कसरी लागु पदार्थ प्रयोग गर्न सुरु गर्नुभयो र कसरी आफ्नो नवजात छोराको असामायिक निधनपछि आफू लागु पदार्थ प्रयोगबाट बाहिर निस्कन सफल हुनुभयो भन्ने कथा सुनाउनु भएको थियो । उहाँले आफू पढाइमा राम्रो हुँदा हुँदै पनि र आफुसँग विभिन्न वाद्यवादनको सीप भएपनि कसरी साथी सङ्गतका कारण आफू लागु पदार्थ प्रयोग गर्न पुग्नुभयो भन्ने बताउँदै युवाहरुलाई यस्तोमा फसेर आफ्नो जीवनको सबैभन्दा महत्वपूर्ण समय नगुमाउन सुझाव दिनुभयो ।

७ वर्ष दुबईमा सुरक्षाकर्मीको काम गरेर नेपाल फर्की आफ्नो मिहिनेतका कारण शिक्षक सेवा आयोगको परीक्षा उत्तीर्ण गरी स्थायी शिक्षक नियुक्त हुनुभएका मकवानपुर बागमती गाँउपालिकाका अमृत कुमार लामाले आफू वैदेशिक रोजगारीमा जानु पर्ने बाध्यताका कारण र त्यहाँ पाएका सास्तीहरुको बारेमा जानकारी दिनुभयो । दिनको १८ घण्टा काम गर्दा पैसा त कमाइने तर मानसिक शान्ति नहुने गरेका उल्लेख गर्दै उहाँले त्यस्तो बेला आफू झण्डै डिप्रेसनमा पुगेको बताउनु भयो । पछि आफूलाई विदेशमा गरे जत्तिकै मिहिनेत आफ्नै पुर्खाको जमिनमा गरे त त्यति नै पैसा कमाउन सकिने निष्कर्ष निकालेर नेपाल फर्किएको र फर्किएपछि कसरी शिक्षक सेवा आयोगको परीक्षामा एकपटक अनुत्तिर्ण भएर पनि कसरी पछि सफल हुनुभयो भन्ने बताउनु भयो ।

त्यसैगरी किरण अधिकारीले प्रतिकूल परिस्थितिमा पनि आफूले कसरी सैलुन व्यवसाय सुरु गर्नुभयो र व्यवसाय सुरु गर्दा कस्ता अप्ठ्याराहरुको सामना गर्नुपर्‍यो भन्ने अनुभव सुनाउनु भयो । उहाँले एकजना सिनियर दाइबाट प्रभावित भएर कपाल काट्न सिकेको र पढाइसँगै सैलुन व्यवसायलाई पनि निरन्तरता दिएको बताउनु भयो । सैलुन व्यवसाय गर्दै गर्दा बीचको समयमा एक बहुराष्ट्रिय कम्पनीमा काम गर्न पुगेको तर त्यहाँ आफूलाई मन नलागेको बताउँदै उहाँले युवाहरुलाई आफ्नो रुचीको व्यवसाय गर्न सल्लाह दिनुभयो । आफूले काम गर्ने मात्र होइन अन्य युवाहरुलाई पनि यो सिप सिकाइरहनु भएका अधिकारीले ३०० भन्दा बढी युवालाई प्रशिक्षित गरिसक्नुभएको छ ।

## दोश्रो दिन :

### पहिलो सत्र: शिक्षा : कहाँ छ समस्या ?




सम्मेलनको दोश्रो दिनको पहिलो सत्रमा हाम्रो शिक्षा प्रणालीमा कहाँ समस्या रहेको छ जसले गर्दा युवाहरुलाई रोजगारी संग जोड्न सकिएको छैन भन्ने शिर्षकमा प्यानल छलफल गरिएको थियो । छलफलमा सामाजिक विकास मन्त्रालयका सचिव डा. भिष्म भुषाल, लामो समय बालबालिकाको शिक्षाको क्षेत्रमा काम गरिरहनुभएकी डा. मिनाक्षी दाहाल, मकवानपुर बहुमुखी क्याम्पसका प्रमुख यम सिलवाल र शिक्षा विज्ञ डा बिद्यनाथ कोईराला सहभागी हुनुहुन्थ्यो भने सत्रको सहजीकरण पत्रकार समा थापाले गर्नुभएको थियो । यो सत्रमा मुख्यतया हाम्रो शिक्षाको मुल समस्या के हो ? र यसको लागि अहिले भएको संरचनामा के कुरा सुधार गरियो भने शिक्षा गुणस्तरीय र व्यवसायीक हुन सक्छ भन्ने बारेमा छलफल भएको थियो ।

### डा. बिद्यनाथ कोइराला:प्राध्यापक

छलफलमा डा.बिद्यनाथ कोइरालाले शिक्षा सबैलाई चाहिने तर त्यसबारे गहिरो बहस हुन नसकेको, शिक्षा हामीले मन मुटुमा पुग्ने वा आत्मसाथ गर्ने गरी दिनु पर्ने हो तर हामी मस्तिस्कलाई मात्रै शिक्षा दिईरहेका छौ, हाम्रो शिक्षणकलामा समस्या रहेको कुरा बताउदै उहाँले अबको शिक्षालाई परिवर्तनसंग जोड्नु पर्ने कुरा बताउनु भएको थियो। हाम्रो शिक्षा परिक्षा प्रणालीबाट विद्यार्थीले प्राप्त गरेको अंकद्धारा उसको क्षमता मापन गर्ने विधि छ त्यो पनि केही हद सम्म चाहिन्छ तर कुन विषयमा कति अंक ल्यायो त्यसको अर्का ठाउँमा त्यो अंक ल्याउदा मेरो यो यो क्षेत्रमा यो सीप छ भनेर पनि उल्लेख गर्नेगरी प्रणाली बनाउन सकिने कुरा बताउनु भएको थियो। हामीले शिक्षामा उठाउदै आएको प्रश्न भनेको नीतिको होइन त्यो नीतिलाई लागु गर्ने हाम्रो नियत बेठिक भएकोले अहिलेको अवस्था आएको कुरा बताउनु भएको थियो।

उहाँले हामीले संचालन गरेका प्राविधिक विद्यालय बिस्तारै बन्द हुदै गएको दृष्टान्त बताउदै सिर्जनात्मक मस्तिष्क बनाउने खालको शिक्षा भएन, हामी संग भएको सिपलाई कहाँ कसरी प्रयोग गर्ने भन्ने बारेमा छलफल बहस भएकै छैन सरकारी तथा नीजि क्षेत्रलाई कसरी समयानुकूल परिमार्जन गरेर अगाडि बढ्ने भन्नेबारेमा व्यापक बहस हुनुपर्ने कुरा बताउनु भएको थियो। शिक्षामा राजनीति भनेको त्यो राजनीतिक दलले भनेको शिक्षाको लागि लिएको सिद्धान्तको कार्यान्वयन गर्ने हो। पार्टीगत संघसंगठनले आफ्नो पार्टीको सिद्धान्त अनुसार शिक्षा कस्तो हुनुपर्दछ भन्ने बारेमा कसैलाई थाहा छैन खाली विद्यार्थीको हकहितको लागि भन्ने तर त्यसको गहिराईमा गएर विद्यार्थीको हकहितको लागि कस्तो शिक्षा हुनुपर्छ भन्ने बारेमा अध्ययन नगर्ने परम्पराले बिश्वविद्यालयमा समस्या देखिएको हो। यदि साच्चिकै शिक्षा सुधारको लागि राजनीति गर्ने हो भने राजनैतिक पार्टीका भातृसंगठनले उनीहरुको पार्टीको आईडियोलोजी अनुसार बहस शुरु गरौं युवाले गरीखाने खालको शिक्षाको परिकल्पना गरौ राजनीति सुधार हुदै जान्छ।

### डा. यम सिलवाल: मकवानपुर क्याम्पस

हाम्रोमा तीन तहको शिक्षा प्रणाली छ। पाठ्यक्रमभित्र कोर्स हुन्छ त्यो कोर्सलाई पढाउनुपर्छ र त्यसको आधारमा परिक्षा लिएर अंक दिनुपर्दछ। यो प्रणाली अर्न्तगत हामीले मास्टर डिग्री सम्म पढ्दाखेरी पढ्न लेख्न त आउछ तर केही काम गर्नुपर्‍यो भने हामी संग केहि सिप हुदैन। समस्या यहि छ हाम्रो शिक्षा प्रणालीमा भन्ने कुरा उहाँले बताउनुभयो। यदि हामीले शिक्षामा सुधार गर्ने नै हो भने हाम्रो अहिलेको माइण्ड सेटलाई सुधार गर्नुपर्दछ शिक्षालाई सीप संग जोडेर लैजानु पर्दछ भन्ने कुरा हामीले जोड दिईरहेका छौ। हामीले नीति जति सुकै राम्रो र व्यवहारिक लिए पनि त्यसलाई कार्यान्वयन गर्ने भनेको शिक्षकहरुले हो तर उहाँहरुको अहिलेको मानसिकतालाई परिवर्तन गर्न नसक्ने हो भने शिक्षामा परिवर्तन खोज्न गाह्रो भएको कुरा उहाँले बताउनुभएको थियो।

हामीले अहिले दिएको शिक्षा मात्र हो ज्ञान होइन त्यसैले हाम्रो जोड ज्ञान निर्माणमा हुनुपर्दछ। अहिले हामीले विद्यार्थीहरुलाई कसरी धेरै अंक ल्याउने भन्ने बारेमा पढाईरहेका छौं। शिक्षामा नीति बनाउने क्रममा कुनै न कुनै हिसावले विचौलीयहरुको सहभागीताले गर्दा पनि शिक्षा क्षेत्रमा समस्या छ। जब सम्म यो प्रणालीलाई परिवर्तन गरेर व्यवहारिक ज्ञान उत्पादन वा हाम्रो जिवनमा कहाँ कसरी हामीले आर्जन गरेको शिक्षालाई प्रयोग गर्ने भन्ने बारेमा स्पष्ट खालको शिक्षण पद्धती अपनाउन सकियो भने शिक्षामा सुधार गर्न सकिने कुरा उहाँले बताउनुभएको थियो।

### डा.भिष्म कुमार भुषाल (सचिव): बागमती प्रदेश सामाजिक विकास मन्त्रालय

हाम्रो संविधानको व्यवस्था अनुसार अहिले स्थानीय तहको सरकारले नै उसले आआफ्नो पालिकास्तरमा पाठ्यक्रम निर्माण गर्न सक्छ। धेरै ठाउँहरुबाट त्यसको शुरुवात पनि भैसकेको छ। स्थानीय सरकारले निर्माण गरेको पाठ्यक्रमलाई नियमित अनुगमन गर्ने परिपार्टीको भने विकास गर्नुपर्दछ। शिक्षण पेशामा लाग्नेहरुको प्रत्येक पाँच बर्षमा उनीहरुको जाँच लिने व्यवस्था गर्न सकियो भने शिक्षकहरु अपडेट भईरहनेछन्। हाम्रो नीतिमा खासै समस्या देख्दिन मैले तर त्यसलाई कार्यान्वयन गर्ने तहमा भने हाम्रो नियत राम्रो हुनु पर्दछ।

हामीले दिईरहेको शिक्षा व्यवहारिक बनाउन नसक्दाको परिणाम युवाहरु विदेशिन बाध्य भैरहेका छन् यसलाई रोक्नको लागि पनि हामीले टेक्निकल सिप दिनु जरुरी छ। सरकारले विद्यार्थीहरु रुची कस्तो हो र त्यसबाट उनीहरुले कसरी खुसी प्राप्त गर्न सक्दछन् भन्ने कुरा टेष्ट गर्ने तरिका ल्याउदै पनि छ। त्यसो हुन सक्यो भने उनीहरुको रुची र खुसी अनुसारको शिक्षण प्रणाली लागु गर्न सकिन्छ।

### डा. मिनाक्षी दाहाल:

शिक्षा भन्ने वित्तिकै बिद्यालय गएर पढ्ने औपचारिक शिक्षा मात्र हो भन्ने हाम्रो बुझाई भयो। त्यसैले शिक्षा कहाँ, कसरी कसको लागि भन्ने पहिला बुझ्नुपर्दछ। एउटा बालबालिका जन्मने बित्तिकै उसको  मस्तिस्क कसरी विकास गर्ने भन्ने कुरामा ध्यान दिएर सोचियो भने बल्ल हामी सहि ठाउँमा पुग्न सक्छौं होला। आफ्नो भौगोलिक अवस्था, संस्कृती र पहिचान,अनुसार प्राथमिकताहरु छुट्याएर त्यसको आधारमा शिक्षाको लक्ष्य तयार गर्नुपर्दछ। एउटा शिक्षित मान्छे कस्तो हुने भन्ने बारेमा सोच्नु पर्दछ। पढाईको लेभल अनुसारको मान्छेले पाउने शिक्षाबाट हामीले कस्तो खालको सिप वा क्षमता खोजेको हो त्यो छुट्याएर हाम्रा लक्ष्य निर्धारण गर्नुपर्दछ। शिक्षाको लागि उसको स्कुलिङ जस्तो छ त्यहि अनुसार हुन्छ त्यहि भएर हाम्रो पहिचानको आधारमा शिक्षाको फाउण्डेशन तयार गर्नुपर्दछ।

हाम्रो शिक्षण कला सम्बन्धी तालिम केन्द्रको व्यवस्था त गरिएको छ तर त्यसको गुणस्तर कस्तो छ भन्ने बारेमा मापन गर्ने विधिको विकास गरिएको छैन यदि भएको भए पनि मापन गर्ने गरिएको छैन। बाहिरका कतिपय देशहरुमा बेला बेलामा शिक्षकहरुको मानसिक र फिजिकल जाँच हुने गर्दछ। जसले गर्दा ऊ साना बालबालिकालाई पढाउन मानसिक र शारीरिक हिसाबले ठिक छ की छैन भन्ने कुरा निर्धारण गर्दछ। मेरो विचारमा शिक्षा क्षेत्रमा जुन खालका राजनीति देखिन्छ त्यो दलिय खालको राजनीति छ त्यस्तो खालको दलिय राजनीतिलाई शिक्षा क्षेत्रमा बंचित गर्नुपर्दछ।

कार्यक्रममा बिषय बिज्ञहरुले अहिलेको शिक्षा प्रणाली सम्बन्धी आआफ्नो धारणा राखिसकेपछि सहभागीहरुको तर्फबाट बिषयविज्ञहरुलाई समयानुकुल प्रश्नहरु राखिएको थियो। प्रश्न गर्नेहरुमा सहभागीहरुको तर्फबाट योगेश न्यौपाने, ज्यामिन तामाङ, सुजन घिमिरे, रुरल यम, आशिष सापकोटा, सागर बोहरा, आस्मा राई, सिर्जना थापाले प्रश्नहरु राख्नुभएको थियो।

### सत्रका मुख्य सुझावहरू:

- कक्षा कोठामा जसले पढाउने हो त्यसले नै कापी जाँच्ने व्यवस्था गरौं।
- हाम्रोमा अहिले भएको शिक्षा प्रणालीलाई फरक गर्ने भन्दा फरक तरिकाले गर्ने त्यो बारेमा सोचौं।
- बिद्यार्थीहरु उच्च शिक्षा वा शिक्षाको लागि बाहिर जानु स्वभाविक हो। उनीहरुको ज्ञान र सिपलाई नेपाल फर्काउनको लागि पहल गरौं।
- हाम्रा बिद्यालयका नामहरु त्यस विद्यालय भएको ठाउँको सांस्कृतिक पहिचानको आधारमा तय गरौं।
- पाठ्यक्रम निर्माणको लागि युवाहरुलाई जिम्मेवारी दिऊ, त्यसको लागि अडिट गरौं।
- त्रिभुवन बिश्वविद्यालयलाई सातवटै प्रदेशमा विस्तार गरौं।
- बिद्यालयमा सिक्ने र सिकाउने संस्कृतिको बिकास गरौं।
- शिक्षकलाई बेला बेलामा उसको क्षमतालाई अपग्रेड गर्न गुणस्तरयुक्त तालिमको व्यवस्था गरौं।
- हाम्रा बिद्यालयहरु शिक्षक केन्द्रित भए अब बिद्यार्थी केन्द्रित वातावरण तयार गरौं।
- पढ्नको लागि सक्नेले फि तिर्ने नसक्नेले फ्रि मा पढ्ने वातावरण तयार गरौं।

### दोश्रो सत्र:

### नवप्रवर्धनात्मक उद्यमशिलता:

दोश्रो दिनको दोश्रो सत्रमा नवप्रवर्धनात्मक उद्यमशिलताको बारेमा प्यानल बारे छलफल गरिएको थियो। पूर्व मिस नेपाल




तथा उद्यमी सुगारीका केसीले सहजीकरण गर्नुभएको यस छलफलमा उद्यमीको तर्फबाट आहो केकको सिईओ सन्तोष पाण्डे, रिभप्लस (वातावरण मैत्री सामाग्री निर्माणकर्ता) कोभित सिंह बानिया, युवा नीति मस्यौदाकार आरके ढुंगाना र बागमती प्रदेश सांसद मा.सुष्मा भुजेल प्यानलिष्टको रुपमा आआफ्ना अनुभव सहितका धारणा राख्नु भएको थियो। यो सत्रमा युवाहरुलाई प्रोत्साहन गर्ने उद्देश्यले नवप्रवर्धनात्मक उद्यमशिलता के हो ? र कसरी गर्ने भन्ने बारेमा यस क्षेत्रमा सफलता हासिल गरिसकेका युवाहरु र नीति निर्माण तहमा भएका सांसदहरुले आआफ्नो अनुभव सहितको धारणा राख्नु भएको थियो।

### सन्तोष पाण्डे: ओहो केकको सि.इ.ओ.

नेपालमा के काम गर्दा व्यवसायिक रुपमा सफल बन्न सकिन्छ भन्ने बारेमा मैले अनुसन्धान शुरु गरे। अनुसन्धान गर्दा घरायसी (होम मेड) सामाग्री अनलाईन मार्फत विक्री गर्ने भन्ने बारेमा सोचे। यो काम हेर्दा कसरी हुन्छ भन्ने जस्तो भए पनि सुन्दा र गर्दा नयाँपन थियो। मान्छेले आफुलाई आवश्यक पर्ने सामाग्री घरमा बसी बसी अर्डर गरेर किन्न सक्ने। यो आईडियाको बारेमा नेपालमा मात्र नभएर विदेशका विभिन्न देशहरुमा समेत गएर फाइनाइन्सरहरुलाई आफ्नो आईडिया पिच गर्न थाले। पछि कोभिडको समयमा ओहो केक शुरु गरे। अनलाईन मार्फत केक घरघरमा लगिदिने आईडिया सहितको बिजनेश थियो। यो बिस्तारै सफल हुदै गयो। मेरो बिचारमा इनोभेसन भनेको नयाँ नै हुनु पर्दछ भन्ने छैन भएको कुरालाई कसरी नयाँ ढंगले प्रस्तुत गर्ने भन्ने पनि इनोभेसन नै हो। स्टार्टप बिजनेश भनेको मेरो विचारमा कुनै पनि आईडियालाई सीपसंग जोडेर त्यसको मोडेल तयार गर्नु हो।

अहिलेको आईटीको जमानामा पहिला हामी संग आईडिया आउँछ अनी त्यसको आधारमा बल्ल कस्ता खालको पोलिसी बनाउने भन्ने कुरा पछि बनाउँन सकिन्छ। हामी जस्ता धेरै युवाहरुलाई केही गरौं भनेर आईडिया त बनाउछौं तर त्यसलाई वैधानिकता दिनको लागि कहाँ रजिष्टर गर्ने, प्यान/भ्याट कहाँबाट लिने भन्ने जस्ता आधारभूत कुराहरुको समेत जानकारी छैन। यदि हामीले केही गर्ने सोचाइ राख्ने वित्तिकै यी कुराको बारेमा ज्ञान हुनु पर्दछ। हाम्रोमा कम्पनी खोल्न भन्दा बन्द गर्न झन गाह्रो छ भन्ने कुरा हामीले बुझ्नु पर्दछ। सरकारी तवरबाट युवाहरुलाई काम गर्ने वातावरण तयार गरिदिनु पर्दछ। कम्पनी चल्दा राम्रो संग चल्ने र बन्द गर्नुपर्दा सजिलै संग बन्द गर्न सक्ने वातावरण तयार गरिदेओस्।

### कोभित सिंह बाँनिया:रिभप्लस (वातावरणीय सामग्री निर्माणकर्ता)

मेरो परिवारका प्राय सबै जसो सरकारी क्षेत्रमा हुनुहुन्थ्यो। मेरो परिवारको चाहाना म पनि लोकसेवा दिएर सरकारी सेवामै होस् भन्ने थियो तर म सानै देखि अलि फरक गर्नुपर्छ भनेर केही न केही नयाँ काम गरिरहेको हुन्थे। म इन्जिनियरिङको बिद्यार्थी हो त्यहि बेला पनि एक्जामको तयारी कसरी गर्न सकिन्छ भनेर सबै बिद्यार्थीहरुलाई हुने खालको केही न केही आईडिया बनाइरहेको हुन्थे। पछि म इन्टरनेटका टावर गाउँगाउँमा गएर जडान गर्ने काममा कम्पनी नै दर्ता गरेर लागे। त्यहि बेला मैले खाजा खान मम पसल जाँदा अचारको झोल चुहिरहेको देखेर मैले इको फ्रेण्डी टपरी कसरी बनाउन सकिन्छ भन्ने बारेमा अनुसन्धान गरे। र मैले एउटा सुपारीको पातबाट कम्तिमा दुई देखि तीनवटा टपरी बनाउन सकिन्छ भन्ने थाहा पाए। यो टपरी स्वदेशमा मात्र होइन विदेशमा पनि पठाउनको लागि मैले पहल गरे। यो कम्पनी शुरु गर्दा हामी एक्सपोर्ट मार्केटमा जाने भन्ने थियो। तर त्यसको लागि त्यो टपरीमा खाना खादा केही हुदैन भन्ने सर्टिफाईड गर्नुपर्ने रहेछ। हामी सरकारी निकाएमा जादा हामीलाई यसको बारेमा कसरी गर्ने भन्ने कुनै आईडिया छैन भन्नु भयो। पछि खाद्यान्नमा गयौ त्यहाँ पनि केही भएन। व्यवसाय शुरु भएको ९ बर्ष भयो तर अहिले सम्म नेपालबाट सर्टिफाइड छैन। तर हामीले अन्तर्राष्ट्रिय स्तरबाटै यो कामलाई निरन्तरता दिईरहेका छौं। साच्चिकै भन्ने हो भने युवाहरु संग काम गर्नको लागि विभिन्न आईडिया छ, उनीहरु पैसा पनि जोहो गर्न सक्छन् तर सम्बन्धित निकायबाट

सहयोग छैन । जसले गर्दा कहिले काँही दिक्क पनि लाग्ने गर्दछ । यसले गर्दा मलाई लगायत यस व्यवसायमा लाग्नेलाई केही न केही फाइदा त भएकै छ यसले राष्ट्रिय अर्थतन्त्रमा पनि सपोर्ट पुऱ्याईरहेको छ । यो कुरा राज्यले बुझ्नु जरुरी छ ।

### आरके ढुंगाना:युवा नीति मस्यौदाकार

अहिलेको प्रविधिको कारण कतिपय कुरामा पहिला टेक्नोलोजिको बिकास हुन्छ अनि मात्र नीति नियम बनाउने प्रक्रिया हुन्छ । समग्रतामा जे सुकै काम गर्नको लागि पनि नीतिले गाइड गर्नुपर्ने हो तर त्यस्तो नहुन सक्छ । त्यसो भनेर युवाहरु त्यत्तिकै बस्नु हुदैन । इनोभेटिभ आईडिया भनेको नयाँ कुराको आविष्कारै गर्नुपर्दछ भन्ने होइन भएका कुरालाई कसरी प्रस्तुती गर्ने भन्ने कुरा पनि इनोभेटिभ आईडिया हो । जस्तै उदारहणको लागि हामीले क्यारी गर्ने लगेजमा पहिला पाँग्रा थिएन, पछि पाँग्रा सहितको लगेज आयो हेर्दा सामान्य तर उपयोग गर्न हामीलाई कति सजिलो भयो ।

हामीले बागमती प्रदेशमा युवा मैत्री युवा नीति बनाएम् यसले युवाहरुलाई रोजगार संग जोड्न पहिला उनीहरुलाई सीप सिकाईनेछ भनेको छ, हामी यो बर्ष सिप बर्ष भनेर घोषणा गर्दै छौं यसले युवाहरुलाई स्वदेशमै केही गर्न उत्प्रेरित गर्दछ भन्ने हामीले ठानेका छौं ।

नयाँ प्रविधि र आईडिया आउदा हामीलाई पनि काम गर्नुपर्दछ भन्ने लाग्दछ । तर हाम्रोमा राजनीति वा नीति बनाउने वा प्रशासन चलाउने दुवै संग त्यो प्रविधिको बारेमा ज्ञान हुदैन त्यसले गर्दा दक्ष जनशक्ति नहुँदा गर्न चाहेर पनि कतिपय कामहरु गर्न सकिरहेका हुदैनौं । हामी कुनै पनि काम गर्नु भन्दा पहिला त्यसको बारेमा प्रयाप्त अनुसन्धान गर्ने परिपाटी छैन खासमा अनुसन्धानबाट आएको निचोडको आधारमा हामीले के गर्न खोजेको हो त्यसको बारेमा विस्तृत योजना बनाएर अगाडि बढ्ने खालको वातावरण तयार हुनु पर्दछ ।

हाम्रो बागमती प्रदेशका युवा नीतिको आधारमा हामीले कार्यक्रम सहितको योजनाहरु निर्माण गर्ने हो भने अहिले भएका संघिय वार्षिक बजेट भन्दा दोब्बर हामीलाई मात्रै चाहिने छ तर त्यो भनेर चुप लागेर बस्नु भएन प्राथमिकताको आधारमा कामहरु गर्दै जानु पर्र्यो ।

### मा.सुष्मा भुजेल: (बागमती प्रदेश सभा सदस्य)

प्रदेश होस् या संघ हामीले कुनै नीति वा कानुन निर्माण गर्न लागिरहेका छौ भने त्यस संग सम्बन्धित सरोकारवाला, विषयगत विज्ञहरुको राय, सल्लाह सुझाव लिएर बनाउने गर्दछौं । प्रदेश तहमा नीतिगत रुपमा काम गर्नको लागि तयार गरिएका कार्यक्रमहरुलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्नको लागि सांसदका हैसियतले हामी सरकारलाई सहयोग गर्नेछौं । युवा नीति बनाउने देखि यसको कार्यान्वयन गर्ने सन्दर्भमा अन्य प्रदेश भन्दा हाम्रो बागमती प्रदेश अगाडि नै छ । सरकारी तवरबाट संचालन गरिने कार्यक्रमहरुमा प्राईभेट क्षेत्रलाई पनि जोडेर संगै लैजानको लागि हामी पहल गर्नेछौं । त्यसको लागि केही हद सम्म पहल पनि भएको छ ।

कार्यक्रममा सहभागीहरुको तर्फबाट विभिन्न राय सहितका प्रश्नहरु सोधिएको थियो । जसमा सौरभ रिजाल, रन्जिता अधिकारी, पदम श्रेष्ठ, राजु रेग्मी, गंगा छन्त्याल, प्रदिप सिलवाल आदिले युवाहरुले देशमै बसेर केही गर्नको लागि राज्यबाट कसरी सहयोग पुर्याउँछ भन्ने जिज्ञासाहरु राखेका थिए ।

### सत्रका मुख्य सुझावहरु:

- नीतिगत झन्झटीलो हटाउनुपर्ने ।
- व्यवसायिक कम्पनीहरुको दर्ता, अनुगमन तथा कर तिर्नको लागि एकद्धार प्रणालीबाट गर्नुपर्ने ।
- सरकार तथा प्राईभेट क्षेत्रको सहकार्यमा युवाहरुको क्षमता विकास सिप तथा रोजगारी सिर्जना गर्नुपर्ने ।
- व्यवसायीले उत्पादन गरेका सामाग्रीको उचित बजार व्यवस्थापन गरिदिनु पर्ने ।
- जसको जे कुरामा दक्षता वा सिप छ त्यहि कुरालाई बढी प्राथमिकता दिएर काम गर्नुपर्ने । जस्तो कृषि औजार बनाउनेले

औजार मात्र बनाउने, बिऊ उत्पादन गर्ने बिऊको मात्र काम गर्ने, खेती गर्नेले खेतीको मात्र काम गर्ने, खरिद बिक्री गर्नेले खरिद बिक्रीकै मात्र काम गर्नुपर्ने ।

- सरकारी निकायले निकाल्ने सूचनाहरु युवा मैत्री डिजिटल प्लेट फर्महरुमा सजिलै पाउन सकिने गरी प्रकाशन गर्नुपर्ने ।

## तेश्रो सत्र:

## नीति राजनीति र समृद्धि



कार्यक्रमको दोश्रो दिनको तेश्रो सत्रको प्यानल छलफलमा नीति, राजनीति र समृद्धि भन्ने विषयमा छलफल तथा अन्तर्क्रिया गरिएको थियो । कार्यक्रममा नेकपा एमाले संसदिय दलका प्रमुख सचेतक महेश बतौंला, नेपाली कांग्रेस संसदिय दलकी सचेतक सुशिला थिंन र नेकपा माओवादीको तर्फबाट सांसद माधव सापकोटा प्यानलिष्टको रुपमा सहभागी हुनुभएको थियो । तीनै जना सांसद बागमती प्रदेशबाट प्रतिनिधित्व गर्ने हुनुहुन्थ्यो । कार्यक्रमको सहजीकरण पत्रकार बसन्त बस्नेतले गर्नुभएको थियो । प्यानल छलफल कार्यत्रममा हामीले बनाउँने नीति विकास र समृद्धिलाई कसरी जोडेर लाने त्यसको लागि राजनैतिक पार्टी तथा बिधायकहरुको जिम्मेवारी कस्तो रहन सक्छ भन्ने बारेमा छलफल गरिएको थियो ।

### संघीय सांसद मा. महेश बतौंला: प्रमुख सचेतक (ने.क.पा. एमाले)




विशेषगरी संसदले गर्ने भनेको चार खालका कामहरु छन् । सरकार निर्माण गर्ने, कानून निर्माण गर्ने, सरकार कानुन अनुसार हिड्र्यो वा हिडेन भनेर अनुगमन गर्ने र राज्यका श्रोतसाधनहरु जनतासम्म प्रभावकारी ढंगले पुग्यो कि पुगेन भनेर हेर्ने । सांसदले ठिक समयमा उठाएका कुरा सरकारले ठिक ढंगले सहि समयमा लागु गर्नुपर्दछ । जब सरकारले जनताबाट आएका कुरा सुन्दैन त्यति बेला निराशा हुन्छ । संसदको मुख्य काम नै कानुन निर्माण हो तर त्यो काम अझै प्रभावकारी ढंगले हुन सकिरहेको छैन । हामीले यो डेढ बर्षको अवधीमा जम्मा ४ वटा मात्र कानुन बनायौं । हाम्रो लागि यो आत्मसमिक्षाको विषय हो । पछिल्लो राजनीतिक परिवर्तन पछि हामीले ३ सय भन्दा बढि कानुनहरु बनाएका छौ । संसदीय व्यवस्थामा सरकारहरु परिवर्तन भैरहन सक्छन् तर संसदले आफ्नो कानुन निर्माण गर्ने काम निरन्तर गरिरहेको छ की छैन त्यो महत्वपूर्ण हो ।

राजनीतिक रुपमा तपाई कुनै जिम्मेवारीमा हुनुहुन्छ, तपाई प्रति जनताका अनेकौं आकांक्षाहरु हुन्छन् त्यसको लागि तपाईले आशा लाग्दो योजना देखाउन सक्नु पर्दछ । यदि त्यसो गर्न सक्नु भएन भने तपाईलाई इलेक्शनको बेला जनताले फेरी तपाईलाई किन भोट दिने भन्ने प्रश्न उठाउन सक्छन् र तपाईलाई अस्वीकार गर्न पनि सक्छन् । सांसदको हिसाबले हामीले

सरकारलाई निरन्तर खबरदारी गर्ने पनि हो त्यो हामीले गरिरहेका छौं । युवाहरुको समग्रतामा विकास गर्नको लागि नीतिगत रुपमा हामीले प्रभावकारी काम गर्न सकेनौं त्यो हामीले स्वीकार गर्नुपर्दछ । यहि कारणले अहिले युवाहरुको पलायन भैरहेको हो भन्ने मलाई लाग्छ ।

जबसम्म हामीले युवाहरुलाई पढ्दै कमाउदै गर्ने खालको शिक्षा नीति बनाउन सक्दैनौ तब सम्म धेरै युवाहरु बाहिर जाने अवस्थालाई रोक्न सकिरहेका छैनौ । यसलाई व्यवस्थित गरेर लागेऊ भने हामीले समृद्धि हासिल गर्न सक्छौं ।

अनौपचारिक क्षेत्रमा लाखौं रुपमा युवाहरु जोडिएका छन् त्यसलाई सामाजिक सुरक्षा संग जोडेर जानको लागि पहल गर्नुपर्दछ । अन्तर पार्टी संजाल हामी संग कमजोर छ । राष्ट्रिय मुद्धामा एक ठाउँमा आएर छलफल तथा बहस गर्ने खालका फोरमहरु बनाएर अगाडि बढ्न सक्छौं । हाम्रो समस्या भनेको अस्थिर सरकार पनि एक हो । साझा सरकार हुँदा एउटा दलले लिएको दृष्टिकोण अर्को दलको राजनीतिक दृटिकोणसँग नमिल्नसक्छ जसले गर्दा सरकारको डेलिभरीमा समस्या देखिन्छ ।

## संघीय सांसद मा. सुशिला थिङ्ग: सचेतक नेपाली कांग्रेस

हाम्रोमा सरकारहरु अस्थिर भैरहे जसले गर्दा देशको विकासका कामहरु भन्दा सरकार बनाउन र बिगार्न मात्र हाम्रो ध्यान केन्द्रित भयो । मेरो युवाहरुलाई अनुरोध छ अब तपाईहरु सरकारको स्थिरता हुने काम गर्नुस् ।

अहिलेको अवस्थामा युवाहरु विदेशीने क्रम अझ बढ्दो छ । यहाँ भएका युवाहरु पनि विभिन्न कारणहरुले कारागारमा बन्दी जिवन बिताईरहेका छन् । यसबाट बाहिर निस्कन हामीले ठोस काम गर्नुको विकल्प छैन । संविधान निर्माणको क्रममा राजनैतिक पार्टीहरु ककस बनाएर लाग्नु भएको थियो तर अहिले त्यसले सकस बनायो संसदिय व्यवस्थामा व्हीप लाग्ने भएर हामीलाई सकस भयो । हाम्रो काम कानुन निर्माण गर्ने हो, हामीले नयाँ ढंगले केही काम गर्नको लागि कानुन निर्माण गर्नुपर्दछ युवाहरुको विषयमा हामीले हाम्रा नीति राजनीति र समृद्धिमा ध्यान दिनु पर्छ । तर विगतमा संगै काम गर्ने स्थिर सरकार दिने भनेर गठबन्दन नै गरेर सरकार निर्माण गरियो तर पार्टीहरुको आआफ्ना स्वार्थका कारण सरकार परिवर्तन भैरहने अवस्था आयो । विधायकको काम कानुन निर्माण गर्ने हो भनेर हामीले भन्न त भनिरहेका हुन्छौं तर सरकारले कानुन निर्माणको लागि ड्राफ्ट ल्याउछ सांसदलाई तीन मिनेट भित्र त्यसको बारेमा आफ्नो धारणा राख्न लगाईन्छ, प्रयाप्त छलफल विनै त्यो पास हुन्छ । कहिले काहि लाग्छ प्रयाप्त छलफल र सरोकारवालाहरुको स्वीकृति बिना ल्याएका कानुन कसको लागि आईरहेका छन् ? तर पनि हामी संग भएका नीतिहरु खराब छन् भन्ने लाग्दैन त्यसको कार्यान्वयन तहमा समस्या भएको कारणले हाम्रा कामहरुमा प्रभावकारिता नदेखिएको हो भन्ने लाग्छ । म महिला भएको नाताले स्वाभावैले पुरुषहरु भन्दा महिलाहरुका विषयहरु जस्तो प्रजनन्, मातृशिशु जस्ता विषयहरुमा अलि बढि संवेदनशिल हुन्छन् ।

## संघीय सांसद मा. माधव सापकोटा

हामीले संविधान निर्माण गर्ने बेलामा शासकिय स्वरुपको बारेमा केहि त्रुटी गरेका छौ त्यहि त्रुटीका कारण अहिले हामीले अहिलेको अस्थिर राजनीतिक अवस्था भोगिरहेका छौं । माओवादीको तर्फबाट हामीले संविधान निर्माणको क्रममा प्रत्यक्ष निर्वाचित राष्ट्रपति र पूर्ण समानुपातिक संसदको व्यवस्था गरौं भनेका थियौ तर त्यो सहमतिय राजनीति गर्नुपर्ने भएकाले कतिपय मुद्धाहरुमा सम्झौता गरेर जान बाध्य भयौ । संविधान निर्माण गर्दा माओवादी पार्टीले ८ वटा वुदामा असहमति जनाएर संविधानमा सम्झौता गरेका थियौ ।

हामी सांसदहरु भनेका कानुन निर्माण गर्ने विधायकी हौ तर हाम्रो काम एउटा ठेकेदारको जस्तो, सरकारी कार्यालयका कार्यालय सहायक जस्तो भएको छ । गाउँमा विकास निर्माणका काम गर्नुपर्‍यो भने ठेकेदारको पछि लाग्नु परेको छ । आफ्नो निर्वाचन क्षेत्रमा विभिन्न कार्यक्रमहरु पार्नको लागि एउटा मन्त्रालय र अर्का मन्त्रालय गर्दै फाइल बोकेर हिड्नुपर्ने अवस्था रहेको छ । यसको प्रमुख कारण भनेको हामीले चुनावको बेला आफ्नो निर्वाचन क्षेत्रमा यो पनि गर्छौं त्यो पनि गर्छौं भनेर बाचा गरेका कारण उत्पन्न भएको समस्या हो । हाम्रो काम नीति निर्माण गर्ने हो भनेर बुझाउनु पर्ने त्यो बुझाउन नसक्दा यस्तो अवस्था आएको हो भन्ने लाग्छ ।

यहाँ भएका १६ देखि ४० बर्ष सम्मका युवाहरु हुनुहुन्छ तपाईहरुले माओवादी आन्दोलनका बारेमा केही कुरा भोग्नु परेर, सुन्नु भयो वा तपाईको परिवार, छिमेकी वा समुदायका केही घटनाको बारेमा मात्र थाहा पाउनु भयो, एकपटक तपाईहरु फर्केर यो आन्दोलनको बारेमा सोध्नु भयो भने त्यति बेलाको एउटा खालको चित्र तपाईले पाउन सक्नुहुन्छ। किन युद्ध भयो किन शान्ति भयो भन्ने कुरा बारेमा तपाईहरुलाई अध्ययन गर्न अनुरोध गर्दछु। हामी चाहान्छौ हामीले आफ्ना दस्तावेजमा उल्लेख गरे अनुसार आफ्नो पार्टीको सिद्धान्त र नीति अनुसार केही प्रतिवद्धता व्यक्त गरेका छौं तर अहिलेको हाम्रो शासन सत्ता संचालन संरचनाले त्यो गर्न दिईरहेको छैन। मुख्य रुपमा हामीले सिंहदरबारमा बसेर प्राथमिकताका कामहरुलाई ध्यानमा राखेर कामहरु गर्नुपर्दछ भन्ने लाग्छ।

कार्यक्रममा प्यानलिष्टहरुले आआफ्नो धारणा राखिसकेपछि सहभागीहरुको तर्फबाट अहिलेको राजनीतिक अवस्थाको कारण युवाहरुले भोगिरहेका समस्याका बारेमा आआफ्ना राय सहितका प्यानलिष्टहरुलाई प्रश्नहरु गरेका थिए। जसमा विभुषा बस्नेत, मनिष खड्का, राजेन्द्र पनेरु, शंखर दुवे, सुमन घिमिरे, रोहन लामा र अष्ट लिम्बु थिए।

### निष्कर्श तथा सुझावहरू:

- हामीले भौतिक पूर्वाधारको विकासको लागि जसलाई ठेक्का दिने गरेका छौं उनीहरुको नियमित अनुगमन गर्ने परिपाटीको विकास गर्नुपर्दछ।
- दिन दिनै बढ्दै गएको कृषि जन्य जमिनको बाझो पनालाई उत्पादन संग जोडी युवाहरुलाई उद्यमी बनाउनको लागि उचित नीति तथा कार्यक्रमहरु ल्याउनु पर्ने।
- प्राकृतिक श्रोत तथा सम्पदालाई नष्ट नगरी विकास निर्माणका कामहरुलाई अगाडि बढाउनुपर्ने।
- जनताको चाहाना बमोजिम नेताहरुले भएका नीति तथा कार्यक्रमलाई प्रभावकारी ढंगले लागु गर्नुपर्ने।
- सांसदहरुले विकास निर्माणको काममा भन्दा देशको नीति निर्माणको तहमा बढि ध्यान दिनु पर्ने, विकास निर्माणको काम स्थानीय तह तथा सम्बन्धित निकायलाई जवाफदेही बनाउनुपर्ने।
- जनता प्रतिको हाम्रो कर्तव्य के हो त्यसलाई आधार बनाएर हाम्रा संरचनालाई इमानदारीतापूर्वक कार्यान्वयन गर्दै जाने।
- नेतालाई गाली होइन उनीहरुको राजनीतिक पार्टी वा उनीहरुले जनता प्रति गरेका प्रतिवद्धताको आधारमा कति काम सम्पन्न भए कति बाँकी छन् र त्यो काम कहिले पुरा हुन्छ जस्ता प्रश्नहरु सोध्ने परिपाटीको विकास गरौं।

## कार्यशाला

### स्थानीय योजना छनौटमा युवाहरूको भूमिका:

युवाहरुले आआफ्नो पालिकाहरुमा सरकालले नीति तथा कार्यक्रम निर्माण गर्दा युवा मैत्री योजनाहरु कसरी निर्माण गर्ने भन्ने बारेमा स्थानीय सरकार संग नजिक रहेर काम गर्दै आउनु भएका अनुसन्धानकर्ता बिष्णु बहादुर खत्रीले स्थानीय योजना छनौटमा युवाहरुले कसरी भूमिका निर्माण गर्न सक्छन् भन्ने बारेमा सहभागीहरु संग अन्र्तक्रियात्मक कार्यशाला संचालन गर्नुभएको थियो। स्थानीय स्वायत्त शासन ऐन भित्र रहेर विकास निर्माणमा युवाहरुलाई प्रत्यक्ष सहभागीता गराएर योजना तयार गर्नु स्थानीय सरकारहरुको एक प्रमुख काम भएकोले युवाहरु त्यसबारेमा चनाखो हुनुपर्ने कुरा उहाँले कार्यशालामा सेयर गर्नुभएको थियो।

कार्यशालामा युवाहरुले अहिले स्थानीय सरकारले नीति तथा कार्यक्रमहरु तयार गर्दा युवाहरुलाई सहभागीताको लागि सहभागीता मात्र गराउने गरेको अनुभवहरु सेयर गरेका थिए। कार्यशालामा युवाहरुले कसरी स्थानीय सरकारलाई समृद्धिको बाटोमा डोर्‍याउनका लागि काम गर्न सक्छन् भन्ने बारेमा अन्र्तक्रिया गरिएको थियो।

### एआई प्रविधि र प्रयोग:

अहिलेको सन्दर्भमा एआईको प्रविधि र प्रयोग युवाहरुलाई रोजगार बनाउनको लागि एक उपयुक्त माध्यम भएको कुरा यस कार्यशालाको सहजीकरण गर्नुभएका आईटि विज्ञ दर्शन पराजुलीले बताउनुभएको थियो । अवको समय भनेको आईटीको समय भएकाले डिजिटल सचेतना युवाहरुमा हुनुपर्ने कुरामा उहाँले जोड दिनु भएको थियो । संसारको जुनसुकै कुनामा बसेर पनि आफ्नो आईडियालाई बिश्व बजारमा बेच्न सकिने माध्ययम भनेको आईटी भएको कुरामा जोड दिदै जसले एआईको बारेमा राम्रो दखखल राख्न सक्छ उसले सोचे भन्दा बढि आम्दानी घरमै बसी बसी एउटा इन्टनेटको माध्ययमबाट गर्न सक्छ भन्ने कुरा उहाँले युवाहरुलाई सेयर गर्नुभएको थियो । विश्वका विकशित मुलुकहरुले नेपाललाई खासै चासो नदिए पनि नेपाली युवाहरुले एआई र आइटीको क्षेत्रमा गरेको प्रगतीबाट उनीहरु बाध्य भएर नेपाली युवाहरुको आईडिया लिने गरेको उहाँको जिकिर थियो । अहिले विश्वमा भारतले आईटिको क्षेत्रमा धेरै ठूलो प्रगति गरेकोले हाम्रो पनि त्यो संभावना रहेकोले युवाहरुलाई यस क्षेत्रमा लाग्नको लागि उहाँको विशेष जोड थियो ।

### हिंसा रहित संचारमा युवाको भूमिका:

### प्रदिप रोदनका गजल वाचन:

प्रतिष्ठित युवा गजलकार प्रदिप रोदनले आफ्ना उत्कृष्ट रचनाहरु सम्मेलनमा सहभागी हुन आएका युवाहरुको बीचमा वाचन गरेर सुनाउनु भएको थियो । उहाँले आफ्ना रचनाहरु मध्यका युवाहरुको मनोभावना समेटिएका प्रेम, विश्वास संग सम्बन्धित मायालु गजल, देशको दुरदर्शा झल्काउने खालका गरिबी र पिडा तथा राजनैतिक पार्टीहरुलाई व्यग्यांत्मक टिप्पणी सहितका थुप्रै गजलहरु वाचन गरेर युवाहरुलाई उत्साहित गर्नुभएको थियो ।

### सांस्कृतिक साझ:

तीन दिन सम्म संचालित सम्मेलनमा प्रत्येक दिनको बिषयगत छलफल तथा अन्तर्क्रियाहरु पछि हेटौडाको कलियुड कला केन्द्र र सिन्धुली कला घरका कलाकारहरुले सांस्कृतिक कार्यक्रमहरु प्रस्तुत गर्नु भएको थियो ।

### तेश्रो दिन:

### हेरिटेज वाक:

बागमती प्रदेश युवा सम्मेलनको तेश्रो तथा अन्तिम दिन १३ जिल्लाका ९१ वटा पालिकाहरुबाट करिब २०० जना सहभागीहरु, आयोजक टिम सहित मकवानपुरको हेटौडामा अवस्थित विभिन्न धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरुको भ्रमण गराईएको थियो । सहभागीहरुलाई स्थानीय संस्कृति तथा ऐतिहासिक तथ्यहरुको बारेमा जानकारी दिने उद्देश्यले यो कार्यक्रम आयोजना गरिएको थियो । सहभागीहरु मध्य धेरैजनाको बागमती प्रदेशको राजधानी हेटौडा पहिलो भ्रमण थियो । तीन दिन सम्ममा सम्मेलनमा बिषयगत छलफल तथा अर्न्तक्रिया मात्र नभएर सहभागीहरुलाई हेटौडाको सांस्कृतिक, धार्मिक तथा ऐतिहासिक स्थलहरुको भ्रमणबाट हेटौडाको बारेमा थप जान्ने मौका मिलेको कुरा सहभागीहरुले बताएका थिए ।

### समापन तथा घोषणापत्र हस्तान्तरण कार्यक्रम:

सम्मेलनको तेश्रो तथा अन्तिम दिन कार्यक्रमको समापन समारोह बागमती प्रदेशका मुख्य मन्त्री माननीय शालिकराम जमरकट्टेलको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । समापन समारोहमा बोल्दै सामाजिक विकास मन्त्री तथा बागमती युवा परिषद अध्यक्ष कुमारी मोक्तानले प्रदेश सरकार अर्न्तगत संचालन भएका कार्यक्रमहरु मध्य युवा परिषदले संचालन गरेका कार्यक्रमहरु विशेष रहेको चर्चा गर्दै यो सम्मेलन ऐतिहासिक रहेको धारणा व्यक्त गर्नु भएको थियो । उहाँले गत वर्ष यस्तै सम्मेलनले जारी गरेको ११ बुदे घोषणा पत्र मध्य ७ वटा घोषणा पत्रमा भएका बुँदाहरु प्रदेश सरकारले सम्बोधन गरिसकेको कुरा जानकारी गराउनु भएको थियो । यस्ता खालका सम्मेलनहरुले युवा मैत्री नीति तथा कार्यक्रम बनाउन सरकारलाई मदत गर्ने कुरा



राख्दै युवाहरुको रचनात्मक सल्लाह सुझाव र सिर्जनात्मक कामले नै देशलाई समृद्धिको बाटोमा लैजाने उहाँको धारणा रहेको थियो ।

साथै कार्यक्रममा सम्मेलनका संयोजक तथा बागमती प्रदेश युवा परिषदका कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईले १३ बुदे घोषणा पत्र वाचन गर्दै प्रदेश सरकार मार्फत आगामी बर्ष घोषणापत्रमा उल्लेख भएका बुँदाहरु कार्यान्वयनमा जाने विश्वास व्यक्त गर्दै कार्यक्रमका प्रमुख अतिथि तथा बागमती प्रदेश सरकारका मुख्य मन्त्री शालिकराम जमरकट्टेललाई १३ बुदे घोषणापत्र हस्तान्तरण गर्नुभएको थियो ।

घोषणापत्र बुझ्दै मुख्य मन्त्री जमरकट्टेले आगामी बर्षको नीति तथा कार्यक्रममा यी घोषणा पत्रमा उल्लेख गरिएका बुँदाहरुलाई सत प्रतिशत लागु गर्न आफु र प्रदेश सरकार कटिबद्ध रहेको कुरा बताउनु भएको थियो । युवाहरुको सोच सिर्जनशिलतालाई प्रदेश सरकारको स्मृतिमा लगाउन आफु प्रतिबद्ध रहेको कुरा राख्दै प्रदेश सरकारले गरेका कामहरुमा युवाहरुको रचनात्मक सल्लाह सुझावको अपेक्षा राखेको कुरा उहाँले बताउनु भएको थियो ।

## प्रदेश युवा परिषदले संचालन गरेका कार्यक्रम तथा नीतिहरू बारे जानकारीः श्री सन्तोष चौलागाईः कार्याकारी उपाध्यक्ष, बागमती प्रदेश




बागमती युवा परिषदका कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईले सम्मेलनको अन्तिम दिन सहभागीहरुलाई बागमती युवा परिषद्ले युवाहरुको सीप, क्षमता विकास गरी उनीहरुलाई कसरी उद्यमशिल बनाउने भन्ने बारेमा नीतिगत व्यवस्था गरेर विगतका वर्ष देखि काम गर्दै आईरहेको कुरा बताउनु भएको थियो । बागमती युवा परिषद्ले सरकारी निकायबाट काम हुन सक्दैन भन्ने आम भाष्यलाई चिर्दै सरकारी संयन्त्रबाट कसरी काम हुन सक्छ भन्ने एउटा उदाहरणको रुपमा प्रदेश युवा परिषद्ले गरिरहेको कामको प्रतिफलबाट सबैले महशुस गरेको कुरा बताउनु भएको थियो । युवाहरुलाई लक्षित गरि आगामी आर्थिक वर्षमा युवालाई स्वरोजगार र उद्यमी बनाउने उद्देश्यले ६ हजार युवाहरुलाई सीपमुलक तालिम दिने गरी सीप बर्ष घोषणा गर्न लागेको कुरा राख्नु भएको थियो ।

- उहाँले सम्मेलनमा व्यक्त गर्नुभएको विचारहरु निम्नानुसार रहेका छन् ।
- वैधानिक विधिबाट गठन भएर संचालन भएको बागमती प्रदेश मात्र युवा परिषद् हो ।
- नेपालको सन्दर्भमा १६ दखि ४० बर्ष भित्रका उमेर समुहका व्यक्तिहरुलाई युवा भन्ने गरिए पनि बागमती युवा परिषदले यसलाई दुई तहमा वर्गीकरण गरेर काम गरिरहेको छ । १६ देखि २४ सम्मको एउटा र २५ देखि ४० उमेर समुह ।
- हाम्रो प्रदेशको युवा नीति संघिय युवा परिषदको नीति भन्दा बढि युवा मैत्री छ भन्ने कुरा सबैले स्वीकार गर्नुभएको ।
- हामीले युवाको बारेमा छलफल तथा बहस भैरहदा हाम्रो बारेमा बनेका नीतिको बारेमा अध्ययन गरौं ।
- प्रदेशले युवा नीति निर्माण गर्दा हाम्रो दैनिकी मिल्ने खालका कार्यक्रमहरुको तर्जुमा गरिएको छ ।
- नीतिमा भएका कुराहरुलाई लागु गर्न सरकारलाई दबाब सिर्जना गरेर लागु गर्न सकियो भने देशलाई समृद्धी तर्फ अगाडि

बढाउन सकिन्छ ।

- युवाहरुबाटै युवाहरुको समस्याको बारेमा हामीलाई थाहा भयो भने युवा मैत्री कार्यक्रम तथा बजेट विनियोजन गर्न सकिन्छ भनेर प्रदेश सरकारले भनेको कारण हामीले यो कार्यक्रम यो वैशाखमा आयोजना गरिएको हो ।
- प्रदेश युवा परिषद्ले यो वर्ष सीप वर्ष घोषणा गरेर करिब ६००० हजार युवालाई सीपयुक्त बनाउदै छौ ।
- सीप सिकेका युवाको सिप परिक्षण गर्ने सीप युक्त युवालाई व्यवसाय संग जोड्नको लागि बजेट विनियोजन गर्नको लागि पहल गर्ने ।
- सीप भएका युवाहरुलाई स्थानीय सरकारहरु संग समन्वयन गरेर ती युवालाई आफ्नै पालिकामा रोजगारी सिर्जना गर्नको लागि पैरवी गर्ने ।
- हामीले प्रदेश युवा परिषद्को कार्यक्रमहरु निर्माण गर्दा तपाईहरुलाई जोड्ने छौं । तपाईहरुलाई जिल्ला युवा परिषद् संग जोड्नको लागि पहल गर्ने छौं ।
- युवा परिषद्ले तय गरेका नीति तथा कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि तपाईहरुको रचनात्मक सहयोग हुने छ भन्ने हामीले आशा गरेको छौ ।
- यो सम्मेलनमा प्रयाप्त छलफल तथा बहस भएको छ । पहिलो सम्मेलन भन्दा यो सम्मेलन अझ बढि रचनात्मक र प्रभावकारी भएको मैले महशुस गरेको छु ।
- तपाईहरुको प्रतिनिधित्व तपाईहरुको व्यक्तिगत मात्र नभएर तपाईहरुको जिल्ला तथा पालिकाको युवाहरुको पनि प्रतिनिधित्व गर्नुभएको छ ।
- सिप सिकाउने सन्दर्भमा हामीले अनलाईन फर्म मार्फत आवेदक माग्दा करिब १२ हजार युवाहरुले दरखास्त हालेका छन् ।
- तपाईहरुले आआफ्नो स्थानीय सरकारहरुले निर्माण गर्ने बजेट तथा नीति तथा कार्यक्रमका बारेमा उनीहरुले युवा मैत्री कार्यक्रम, योजना तथा बजेट विनियोजन गरेका छन् की छैनन् त्यसबारेमा ध्यान दिएर पैरवी गर्नुहुनेछ भन्ने मैले विश्वास लिएको छु ।
- प्रत्येक पालिकाका तथा वडाले बर्षमा ४० जना युवालाई सीपमुलक तालिम दिए पाँच वर्षमा धेरै युवा सीपयुक्त हुन्छन् र समृद्धिको बाटो तयार हुन्छ । त्यसको लागि पनि तपाईहरुले पहल गर्नुपर्दछ ।
- तपाईले हामीलाई दिने सुझाव के दिनु हुन्छ र तपाईको स्थानीय सरकारलाई के सुझाव दिनु चाहानुहुन्छ त्यो आजै दिनुहोस् । हामी त्यसको कार्यान्वयन गर्नेछौं ।
- सीप संचालन भएका ठाउँहरुमा तपाईहरुले अनुगमन पनि गरिदिनुस् यो थर्ड पार्टी भेरीफिकेशन पनि हो ।

### मा. मुख्यमन्त्रीसँग युवा:

सम्मेलनको अन्तिम दिनको अन्तिम सत्रमा बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जमरकट्टेल संग युवाहरुले प्रत्यक्ष संवाद गरेका थिए । प्रत्यक्ष प्रश्नउत्तर शैलीमा आयोजना गरिएको यो कार्यक्रममा सहभागीहरुले बागमति सरकारका प्राथमिकता, युवा लक्षित कार्यक्रम, अस्थिर राजनैतिक अवस्था, शिक्षा, स्वास्थ्य तथा रोजगारका बारेमा विभिन्न प्रश्नहरु गरेका थिए ।




#### सहभागीको प्रश्न, मुख्यमन्त्रीको उत्तर:

**हामीले नीति बारे बहस गर्दा नीति ठिक छ तर त्यसको कार्यान्वयनमा समस्या छ भनिन्छ सरकार स्वंयले पनि त्यही भन्छ । सरकारले नै त्यस्तो भन्छ भने त्यसको जिम्मेवारी कसले लिन्छ ?**

सरकारले आफ्ना कमीकमजोरी स्वीकार गर्नुपर्दछ । आउने

दिनमा त्यसो नहोस् भन्नका लागि हामीले सबै मिलेर काम गर्नुपर्दछ । तपाई युवाहरुले पनि सरकारलाई निरन्तर खबरदारी गरिरहनुपर्दछ ।

अहिले संघिय रुपमा १६ औं पंचबर्षिय योजना निर्माणको क्रममा छौं, प्रदेश स्तरीय योजना पनि हामी बनाउदै छौं । त्यसको लागि विषयगत बिज्ञहरुलाई प्रदेशले पाँच वर्ष भित्रमा के के गर्न सक्छ त्यसको ठोस योजना बनाएर सुझाव मागेका छौं, ती योजनाहरुलाई मन्त्रालय अन्र्तगत कार्ययोजना बनाएर कार्यान्वयन गर्ने गरी काम गर्दैछौं । शिक्षा, कृषि, वन वातावरण आदीको क्षेत्रमा स्पष्ट नीति तथा कार्यक्रम तयार गरेर काम गर्न म प्रतिबद्ध छु ।

### वार्षिक योजना वा आवधिक योजना निर्माण गर्दा युवाहरूको सहभागीतालाई कसरी सुनिश्चित गर्नुहुन्छ ?

यो सम्मेलनमा उठेका सबै विषयबस्तुहरुलाई समेटेर हामीले आवधिक योजना सहित कार्यक्रम बनाउने म प्रतिबद्धता व्यक्त गर्दछु । राजनीति प्रति तपाई युवाहरुको निराशा छ तर सबै कुराको समाधान राजनीतिले नै गर्ने हो । अहिलेको अवस्थामा त्यति धेरै निराशा हुने अवस्था बनिसकेको छैन, सबै तहका सरकारले गरेका राम्रा कामको प्रचार गर्दछौं, भएका समस्याको बारेमा छलफल वा बहस हुदैन त्यसको पनि थालनी गर्नुपर्दछ र त्यसको निकास खोज्नु पर्दछ । पछाडि फर्किने वा समस्या मात्रै देखाएर अब पार लाग्दैन त्यहाँबाट बाहिर निस्कन सबैको उत्तिकै भूमिका रहन्छ ।

### प्रदेश सरकारलाई युवाहरूले कसरी सहयोग गर्न सक्छन् ?

नेपालमा विकासले जसरी गति लिएको छ, भौतिक संरचना वा सामाजिक क्षेत्रमा त्यो राजनीतिले नै गरेको हो । तर हामीले अझै सबैलाई आशा दिन सकेका छैनौं । युवाहरु विदेश जान सक्छन् तर पढेर फर्केर आउने वातावरण बनाउनु पर्दछ । रोजगारीको लागि विदेश जाँदा युवाहरुलाई सीपयुक्त बनाएर पठाउदा राम्रो हुने हो तर सीप नभएका व्यक्तिहरु बाहिर जाँदा समस्या देखिएको छ । अब हामीले विद्यालय तहबाटै प्राविधिक शिक्षालाई जोड दिएर कार्यान्वयन जाने नीति अख्तियार गर्नुपर्दछ यस बारेमा पनि प्रदेश सरकारले काम गरिरहेको छ । हामीले सातौ वर्षको नीति तथा कार्यक्रम निर्माणको चरणमा छौ । अहिल करिब सबै स्थानीय तहका बिद्यालयमा कार्यक्रमहरु पुगेको रहेछ । दरवन्दी नभएका विद्यालयहरुमा शिक्षक दिएको रहेछ । ११ वटा अस्पतालहरुको स्तर उन्नती गरेका छौं । कृषिमा गरेको लगानी किसानमा नपुगेर बाहिर पुग्यो जसले गर्दा अहिले हामीले समुदायमा आधारित कृषि नीति बनाएका छौं । अव हाम्रो ध्यान उत्पादन संग युवालाई कसरी जोड्ने भन्नेमा छ । भएका राम्रा कुराको प्रसंसा गरिदिनुस् नराम्रा कुराहरु भए सुझाव दिनुस् ।

### प्रदेश सरकारले युवा पुस्ताको सहभागितामा हाम्रा संस्कृतिलाई कसरी संरक्षण गर्ने योजना बनाएको छ ?

तामाङ र नेवारी भाषा बोल्ने समुदायको लागि ऐन बनाएर यो प्रदेशमा सरकारी काम काजको भाषाको रुपमा राखिएको छ । कलासंस्कृतिका धरोहर, संभ्यताको संरक्षण गर्नको लागि हामीले ऐन बनाउदै छौ । त्यही अनुसार हामीले त्यसको लागि बजेट छुट्याउने योजना छ । आउने क्याविनेटबाट पास गर्दैछौं ।

### प्रदेश सरकारले आवस्यक नीति तथा ऐन बनाएको छैन ? त्यसैले काम गर्न अप्ठ्यारो भएको हो ?

हामीले ११९ वटा कानुन निर्माण गर्नु पर्नेछ भन्ने हामीले पहिचान गरेका थियौ । अहिले सम्म ६५ वटा कानुन निर्माण गरिसकेका छौं । कतिपय कानुन संघिय सरकारबाट आए पछि बनाउनु पर्ने भएकोले केहीमा अझै बाँकी छ ।

### प्रदेश संरचना मंहगो भयो यसको औचित्य कति छ ?

संघियताको बारेमा नकारात्मक कुरा बढि आयो तर यसको लागि हामी तथ्यांकमा गएर हेर्ने हो भने पहिला गाविसहरु धेरै थिए । अहिले ७५३ वटा मात्र गाउँपालिका छन् । पहिला एउटा गाउँ पंचायतमा ४८ हजार बजेट हुन्थ्यो । पछि गाविसमा लाखमा गयो । पछि १८ देखि ५० लाख सम्म पुगेको थियो । तर अहिले एउटा पालिकाको कम्तिमा ५० करोडको बजेट गएको छ । यो

भनेको आफ्नो क्षेत्रको विकासको लागि आफै योजना बनाउने र कार्यान्वयन गर्ने अधिकार छ। यसबाट आफ्नो भौतिक तथा सांस्कृतिक पहिचानको आधारमा विकास गर्न सकिन्छ। यो त संघियताको सुन्दर पक्ष हो। पहिला भन्दा खर्च बढेको होइन, तथ्याकं हेर्नुभयो भने घटेको पाउन सकिन्छ। तर हामी नयाँ अभ्यासमा छौ, सिक्दै पनि छौ प्रभावकारी कार्यान्वयनमा केही समस्या आउन सक्छन् तर त्यसलाई निराकरण गरेर संघिय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै लानुको विकल्प छैन। संघियताले दिएको पहिचान वडा देखि केन्द्रसम्म, सरकारी विभिन्न निकायमा हेर्नुस्, दलित, जनजाति, मधेसी, महिला आदीको बारेमा संविधानले व्यवस्था गरेर मात्र हाम्रो सहभागीता बढेको हो। यो विकास देख्न नचाहाने, परिवर्तनलाई स्वीकार गर्न नसक्नेहरुले लगाउने आरोप हो।

राजनीतिक दल भित्र लोकतन्त्रको अभ्यास गर्ने कुरा विस्तारै हुदै जान्छ। हिजो भन्दा अहिले राजनीतिक दलहरु धेरै परिवर्तन भएका छन्। सामाजिक संजालहरुले गर्दा पनि हामी राजनीतिक दलहरु अझ बढि सचेत हुनुपर्दछ। अहिले सबै भन्दा बढि संवेदनशिल अवस्थामा हामी छौं। तपाईहरु युवालाई मेरो अनुरोध छ यथार्थ कुराको विश्लेषण गरेर मात्र प्रतिक्रिया दिने गरियो भने त्यो रचनात्मक हुन्छ भन्ने मलाई लाग्छ।

### माओवादीले द्वन्दको बेला गरेको परिकल्पना अनुसार नै हामी अगाडि बढिरहेका छौं ?

वैज्ञानिक समाजबाद हाम्रो मुल लक्ष्य हो। राज्य व्यवस्था परिवर्तन जसरी गर्‍यौं त्यो मुलतः माओवादीको ऐजेण्डा, शान्ति सम्झौता र राजनीतिक पार्टीहरु बीचको सहमतिले गर्दा अहिले सम्म आएका छौं। जनयुद्धलाई सबैले स्वीकार गर्नुभएको छ। यो परिवर्तनको जग नै जनयुद्ध नै हो। द्धन्दको कालमा भएका कमी कमजोरीका बारेमा हामीले स्वीकार गरेर अगाडि बढेका छौ। हाम्रो राजनीतिक लक्ष्य समाजवाद हो यो यात्रामा हामी कति इमान्दारीका साथ लागेका छौ त्यसमा बहस हुनुपर्दछ।

### सीप विकास, उद्यमशीलताको लागि प्रदेश सरकारले कसरी सहयोग गर्दछ र आउने बजेट कसरी निर्माण गर्नुहुनेछ ?

बागमति युवा परिषद्ले यो वर्ष सीप बर्ष घोषणा गरेर जादै छ। विभिन्न मन्त्रालय अर्न्तगत करिव १५ हजार युवाहरुलाई हामीले यो आर्थिक बर्ष भित्र सिप दिनेछौं। ३ प्रतिशतको व्याजमा हामीले युवाहरुले उद्यमशिलताको लागि ऋण दिने योजना बनायौं तर कृषि विकास बैक मार्फत दिएको बजेट खर्च भएन त्यसैले हामीले प्रदेश सरकारले नै बैक स्थापना गरेर ३ अरवको बजेट छुट्याउदै छौ जसबाट तपाईहरु लाभान्वित हुन सक्नुहुनेछ।

### मुख्यमन्त्रीज्यू तपाईलाई यौनिक तथा अल्पसंख्यक भनेको थाहा छ ? नत्र भने अरू महिला, जनजाति, आदीलाई आरक्षणको व्यवस्था गरेको छ हाम्रो बारेमा किन बनेन ?

मलाई लाग्छ सामाजिक बिकास मन्त्रालय अर्न्तगत यो क्षेत्रमा काम गरिरहेका छौ। मलाई राम्रो संग यो बिषयमा थाहा छ र संवेदनशिल पनि छु। यदि तपाईहरुलाई विभेद गरिएको अनुभूती भएको छ भने तत्काल हामी त्यसलाई आउने दिनमा करेक्सन गरेर अगाडि बढ्नेछौं।

### हामीले दुर दराजमा प्रदेश सरकारलाई देख्न सक्दैनौ भन्ने छ त्यसमा तपाईको सन्देश के छ ?

बागमती प्रदेशमा सवै भन्दा पछाडी परेको धादिङको रुवी भ्याली गाउँपालिका हो, त्यहाँ एकीकृत रुवीभ्याली विकास कार्यक्रम अर्न्तगत कुना कुना सम्म बाटो बनाउने काम देखि अरु सामाजिक क्षेत्रमा काम गरिरहेका छौं। सिन्धुपाल्चोकको पाँचपोखरीमा पनि त्यसरी नै काम गरिरहेका छौं। त्यसै गरी विद्यालय, खानेपाली लगायत अन्य क्षेत्रमा बिकास गर्न दुर्गम क्षेत्रलाई प्राथमिकतामा राखेर हामीले काम गरेका छौं। दुर्गम क्षेत्रमा पुग्ने भनेकै प्रदेश सरकार हो। यदि कहि त्यस्तो खालको समस्या देखिएको भए हामीलाई जानकारी गराइदिनुस् त्यसको हामी तत्काल संबोधन गर्दछौं।

तपाईहरु सबैलाई प्रदेश सरकारमा आएर आफ्ना सल्लाह सुझाव, गुनासो गर्न सक्नुहुनेछ त्यसको लागि प्रदेश सरकारको गेट

सधै खुला रहनेछ।
हामी निराश नबनौं समृद्धिबासी बागमती प्रदेश बनाउने छौं।

## सम्मेलनका मुख्य उपलब्धी:

- १३ जिल्ला, ११९ पालिका मध्य ९१ वटा पालिकाबाट २०० जना युवाहरुको सक्रियतापूर्वक सहभागीता।
- सहभागीहरु मध्य ५० प्रतिशत पुरुष, ४८ प्रतिशत महिला, २ प्रतिशत अन्य ।
- सहभागीहरु मध्य ३० प्रतिशत जनजाति, ६१ प्रतिशत ब्राम्हण क्षेत्री, ७ प्रतिशत दलित, २ प्रतिशत अपाङ्गता भएका युवाहरुको सहभागीता।
- १३ वटा जिल्लाका युवाहरुको बीचमा संजाल निर्माण।
- प्रदेश सरकारले नीति निर्माण गर्दा युवाहरु केन्द्रित बनाउने कुराको स्विकारोक्ती।
- सरकारी काम प्रति युवाहरुको चासो तथा विश्वासमा बृद्धि।
- बिषयगत छलफल तथा अन्र्तक्रियामा युवाहरुको सक्रियता।
- सहभागीहरु युवाहरु मध्य धेरैको नेपालमै केही गर्नुपर्दछ भन्ने प्रतिबद्धता ।
- स्थानीय तहले निर्माण गर्ने नीति तथा कार्यक्रमहरुमा आफ्नो सक्रिय सहभागीता रहने युवाहरुको प्रतिवद्धता।
- युवाहरुमा देशप्रति नकारात्मक भावना विकास भैरहेको सन्दर्भमा नेपाल मै केही गर्नुपर्दछ भन्ने सकारात्मक सोचको बिकास।
- सरकार तथा राजनैतिक पार्टीलाई गाली गलौज भन्दा रचनात्मक सुझाब दिएर अगाडि बढ्न सकिने प्रतिवद्धता।
- प्रदेश सरकार द्धारा यो बर्ष ६ हजार युवाहरुलाई सिप दिई उद्यमशिल बनाउने घोषणा।
- मुख्य मन्त्री द्धारा आउने बर्ष करिब १५ हजार युवालाई सिप दिईने प्रतिबद्धता।
- सम्मेलनद्धारा १३ बुदे घोषणा पत्र जारी।
- सरकारद्धारा १३ बुदे घोषणापत्रलाई कार्यान्वयन गर्ने प्रतिबद्धता।

सम्मेलनलाई सबैपक्षले अपनत्व ग्रहण गर्नु जस्तो सरकार, नीजि क्षेत्र, बुद्धिजिवी, नागरिक समाज, पत्रकार आदी।

## चुनौती:

- श्रोत व्यवस्थापन
- स्वंयसेवक रुपमा टिम परिचालन गर्नुपर्ने अवस्था
- युवाहरुको असिमित चाहानाहरुलाई सम्बोधन गर्न नसक्नु
- बिषयगत क्षेत्रका विज्ञहरुलाई हेटौडा भन्दा बाहिरबाट ल्याउदा व्यवस्थापकिय झन्झट
- सबै पालिकाबाट युवाहरुलाई सहभागी गराउँन नसक्नु



- एउटै पालिकाबाट धैरै आवेदन पर्नु जसले गर्दा छनौट प्रक्रियामा समस्या


बागमती प्रदेश युवा सम्मेलन 2081
BAGAMATI PROVINCE YOUTH SUMMIT
प्रभातफेरी













सिर्जनशीलता र उद्यमशीलता प्रवर्द्धनः बागमतीमा युवा सशक्तिकरण

# बागमती प्रदेश युवा सम्मेलन २०८१

बैशाख २८ -३०, २०८१

## घोषणा पत्र

विश्वमा बढ्दै गईरहेको सामाजिक तथा मानवीय जटिलता, पर्यावरणीय असन्तुलन र सामाजिक, आर्थिक तथा वातावरणीय पक्षलाई ध्यानमा राखी सन् २०३० सम्ममा पुरा गर्नका लागि तय गरिएका दिगो विकासका लक्ष्यहरुको कार्यान्वयन, आर्थिक, सामाजिक, वातावरणीय पक्षको सहनयोग्य, संभाव्य र दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण र कार्यान्वयन गर्नुपर्ने दायित्व अन्तर्गत बागमती प्रदेश युवा परिषद्ले दिगो विकासका लक्ष्यहरुको स्थानियकरण र प्रभावकारी कार्यान्वयनमा खेलिरहेको महत्वपूर्ण भूमिकालाई मनन गर्दै,

नेपालको संविधानले सुनिश्चित गरेका मौलिक हकहरु, धारा ३३ मा प्रत्येक नागरिकलाई रोजगारीको हकका साथै प्रत्येक नागरिकले रोजगारीको छनौट गर्न पाउने हकको कार्यान्वयन गर्ने गराउने महत्वपूर्ण दायित्व हामी सबैको रहेको सम्वन्धमा दायित्वबोध गर्दै,

बागमती प्रदेशमा सबल, सक्षम र सशक्त अनी सीपयुक्त युवाहरु तयार गर्ने सोचसहितको अभियानलाई प्रभावकारी कार्यान्वयन गर्ने स्पष्ट लक्ष्य तथा कार्ययोजना तय गर्दै,

वर्तमानका साझेदार युवामा लगानीले नै देशको समग्र विकास संभव छ र नेपालले युवा जनसांख्यिक लाभबाट फाइदा लिन युवामा लगानी अभिवृद्धि गर्दै देशको समृद्धि र विकासको सुनौलो युगमा प्रवेश गर्ने लक्ष्यप्रति थप प्रतिवद्ध रहदै,

युवामैत्री नीति निर्माण, विद्यमान नीतिगत व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन र युवा लक्षित यथेष्ट स्रोत साधन र लगानीका लागि सामुहिक आवाजलाई थप बुलन्द गर्दै,

युवालाई सक्षम, जिम्मेवार, ज्ञान र सीपयुक्त बनाउन बागमती प्रदेशका साथै सिंगो देशको समग्र विकासको नेतृत्वमा युवाहरुलाई स्थापित गर्न उत्प्रेरित गर्ने उद्देश्यका साथ २०८१ बैशाख २८ देखी ३० गतेसम्म बागमती प्रदेशको राजधानी हेटौडामा सम्पन्न प्रदेश युवा सम्मेलन २०८१ ले यो घोषणा पत्र जारी गरेको छ।

(१) बागमती प्रदेश युवा परिषद् ऐन २०७६, प्रदेश युवा परिषद् नियमावली २०७७, बागमती प्रदेश युवा नीति २०७९ को प्रभावकारी कार्यान्वयन गर्दै बागमती प्रदेशका युवाहरुको चाहना र आवश्यकताहरुको सम्वोधन गरिनु पर्दछ।

(२) संघीय तथा प्रदेश सरकारका आवधिक योजनाहरु, युवासँग सम्बन्धित नीतिगत व्यवस्थाहरुको कार्यान्वयनमा बागमती प्रदेश युवा परिषद्ले यस बागमती प्रदेशमा नेतृत्वदायी उपस्थितीसहित महत्वपूर्ण भुमिका खेल्नुपर्दछ। यसका लागि आवश्यक स्रोत तथा साधनको सुनिश्चिता तवर हुनुपर्दछ। बागमती प्रदेश युवा परिषद्लाई थप स्रोत साधनसम्पन्न बनाउदै बागमती प्रदेशका युवाहरुका साझा सवालहरुको सम्वोधनका लागि परिषद्को नेतृत्वदायी भूमिकालाई थप प्रवर्द्धन गर्नुपर्दछ।

(३) बागमती प्रदेश युवा परिषद्ले संचालन गरिरहेको युवाहरुको सीप विकास तथा सीप परीक्षणलाई अझ प्रभावकारी रुपमा कार्यान्वयन गर्दै बागमती प्रदेशका सबै युवाहरुमाझ पुर्‍याउनु पर्दछ। युवाहरुमा रोजगारी, स्वरोजगारी र उद्यमशिलता प्रवर्द्धनका लागि बागमती प्रदेश सरकारले गरेको **युवा सीप वर्ष-२०८१** घोषणाको निर्णयलाई बागमती प्रदेश युवा परिषद्को नेतृत्वमा प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ।

(४) बागमती प्रदेशका सबै स्थानीय तहहरुको योजना, नीति, कार्यक्रम र बजेट निर्माण तथा कार्यान्वयनमा युवाहरुको अर्थपूर्ण र प्रभावकारी सहभागितामार्फत युवामैत्री स्थानीय तहहरुको प्रवर्द्धन गर्नुपर्दछ।

(५) स्थानीय तहको सहभागितात्मक योजना निर्माण र कार्यान्वयनमा युवाहरुको सृजनशिल सहभागिता प्रवर्द्धन गर्नुपर्दछ। विभिन्न तहका नीतिगत निर्णय र सोको प्रभावकारी कार्यान्वयनमा युवाहरुको राजनीतिक तथा सामाजिक निर्णायक उपस्थिती प्रवर्द्धन गर्नुपर्दछ।

(६) युवाहरुको साझा सवालहरुको सम्वोधनका लागि युवाहरुमा लगानी प्रवर्द्धन गरिनु पर्दछ। युवाका सवालमा बागमती प्रदेशसँग सम्वन्धित विशेष अध्ययन, अनुसन्धान तथा तथ्यांक अद्यावधिक तथा सार्वजनिक सेवाहरुमा डिजिटल गभर्नेन्सको अभ्यासमार्फत युवाहरुको पहुँच विकास गरिनु पर्दछ ।

(७) युवाहरुमा सचेतना, शिक्षा, सृजनशीलता र सहभागिताको प्रवर्द्धन गर्नुपर्दछ। युवालाई देशमै संभावनाहरुको खोजी र युवाहरुका लागि अवसरहरुको पहिचान तथा प्रवर्द्धनमा सहजीकरण आवश्यक छ। विदेशमा कमाएको ज्ञान, सीप, अनुभव र पुँजीलाई नेपालमा लगानी गर्नका लागि आवश्यक नीतिगत सम्वोधन र प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

(८) बागमती प्रदेशका कला, सँस्कृति, पुरातत्व र ऐतिहासिक तथा प्राकृतिक क्षेत्रहरुको पहिचान, अभिलेखीकरण, संरक्षण र प्रवर्द्धनमा युवाहरुको सहभागिता सुनिश्चित गर्नुपर्दछ।

(९) जलवायु परिवर्तनका नकारात्मक असरहरु, विपद् रोकथाम तथा व्यवस्थापन र वातावरण संरक्षणमा युवाहरुको ज्ञान, सीप र क्षमता अभिवृद्धि गरी युवाहरुको नेतृत्वमा जलवायु अनुकुलन, विपद् व्यवस्थापन र वातावरणिय न्यायको प्रवर्द्धन गर्नुपर्दछ।

(१०) युवाहरुका लागि सुचना प्रविधिमा पहुँच, क्षमता विकास, सीप विकास, युवाहरुले नेतृत्व गरेका संस्थाहरुको संस्थागत सवलीकरण, संजालीकरण र युवाका साझा सवालहरुको सम्वोधन लगायतका सवालमा प्रदेश युवा परिषद् तथा जिल्ला युवा समिति र स्थानीय तहहरुको समेत थप क्रियाशील बनाउनु पर्दछ।

(११) युवालाई प्राविधिक, गुणस्तरीय, व्यावहारिक र जीवन उपयोगी शिक्षा, सक्षमता, जिम्मेवारीपन, ज्ञान र सीपयुक्त बनाउदै समग्र विकासमा युवाहरुलाई नेतृत्वदायी रुपमा स्थापित गर्न उत्प्रेरित गर्दै समृद्ध बागमती प्रदेश अभियानमा युवाहरुको सहभागितात्मक नेतृत्व प्रवर्द्धन गरिनु पर्दछ।

(१२) युवाका उत्पादनहरुको ब्राण्डिङ, बजारीकरण र युवालाई उत्पादनमा जोड्नका लागि नवप्रवर्तनसँग सम्वन्धित विशेष नीतिगत व्यवस्थाहरु तय गर्दै भएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

(१३) नेपालमा जनसांख्यिक लाभका रुपमा रहेका युवाहरुको वर्तमान जनसंख्या देश समृद्ध बनाउने उपयुक्त अवसर हो। जनसांख्यिक लाभलाई देशको समृद्धिको आधार बनाउनै पर्दछ। युवाहरुका लागि देशमै दिगो र प्रभावकारी संभावनाहरुको खोजी गर्नु पर्दछ। युवामा लगानी बिना देशको समृद्धि हुनै सक्दैन।

प्रमुख अतिथी, अतिथी, सबै विषयगत सत्रका विज्ञ ज्यूहरु तथा युवा सहभागी साथीहरुमा समय र योगदानका लागि बागमती प्रदेश युवा परिषद् हार्दिक आभार व्यक्त गर्दछ।

**सन्तोष चौलागाई**
**कार्यकारी उपाध्यक्ष**
२०८१ बैशाख ३० गते आइतवार
हेटौडा, मकवानपुर